का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ असोज २०८३
बिहीबार
24 September 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २४५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com


तस्विर : एआई

# कोखको सीमापार व्यापार

नेपाल र भारतमा व्यावसायिक सरोगेसी कानुनतः प्रतिबन्धित छ। तर बाँकेका दुई महिलालाई भारतमा बन्धक बनाएर सरोगेट आमा बनाइएको घटनादेखि बुटवलकी सुनमायाले १५ हजार रुपैयाँमा गरेको 'कोखको सम्झौता'ले नेपाली महिलाको कोखको अवैध कारोबार भइरहेको उजागर गरेको छ।


सरोगेसीको नियमनका लागि छुट्टै ढाँचा आवश्यक छ। कानुनी, प्राविधिक, चिकित्सकीय, नैतिक तथा नियामक पक्ष समेटेर सरोगेसीसम्बन्धी अवधारणापत्र तयार गर्ने प्रक्रिया प्रारम्भ भएको छ।

■ **निशा मेहता**
**स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री**

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ७ असोज

केही वर्षअघि बाँकेका दुई महिलालाई भारतमा बन्धक बनाएर सरोगेट आमा बनाइएको घटना सार्वजनिक भयो। कामको सिलसिलामा आफन्तको सहारामा भारत पुगेका उनीहरूलाई फ्ल्याटमा बन्धक बनाएर सरोगेसीका लागि प्रयोग गरिएको थियो। गर्भवती भएदेखि बच्चा नजन्मिएसम्म उनीहरूलाई बन्धक बनाइयो। सुत्केरी भएपछि नेपाल पठाइयो। नेपाल फर्किएपछि उनीहरू माइती नेपालको सम्पर्कमा पुगे। २०८० सालतिर नेपाल फर्किएपछि उनीहरूले आफूजस्तै अरू महिला पनि भारतमा बन्धक रहेको बताएका थिए।

त्यसपछि प्रश्न उठ्यो, के नेपाली महिलालाई भारतमा लगेर सरोगेट आमा बनाउने संगठित सञ्जाल सक्रिय छ? अनुसन्धानका क्रममा उनीहरूले बताएका अरू महिलाको अवस्था भने पुष्टि हुन सकेन। प्रहरीले छापा मार्नुअघि नै महिलाहरूलाई फरक-फरक ठाउँमा सारिएको बताइएको थियो। भारतमा लगिएका महिलालाई गर्भवती भएदेखि सुत्केरी नहुन्जेल विभिन्न ठाउँमा स्थानान्तरण गर्ने गरिएको ती दुई महिलाको बयानले देखाउँछ।

केही दिनअघि भारतीय सञ्चारमाध्यम दैनिक भास्करमा प्रकाशित रिपोर्टले यो विषय फेरि बहसमा ल्याएको छ। भारतीय दम्पतीहरूले गोरा सन्तानका लागि नेपालका पहाडी पृष्ठ २ मा

## अनि, लगाइयो प्रतिबन्ध

सरोगेसी नेपालका लागि नयाँ विषय होइन। एक दशकअघिसम्म विदेशी दम्पतीहरू पनि सरोगेट मदरको खोजीमा नेपाल आउने गर्थे। २०७२ सालदेखि नेपालमा सरोगेसी सेवा बन्देज छ।

अध्यागमन विभागका अनुसार, नेपालमा सरोगेसी सेवा बन्द भएपछि २४७ जना बच्चा बाहिरिएका छन्। सरकारले नेपालमा सरोगेसी बन्द हुनुभन्दा पहिले नै गर्भवती भएका महिलाबाट जन्मिएका बच्चा लैजान पाउने नियम बनाएको थियो। इजरायल, अस्ट्रेलिया, अमेरिका, ब्राजिललगायत देशमा नेपाली सरोगेट मदरबाट जन्मिएका बच्चा लैजाने गरेको अध्यागमनको पृष्ठ २ मा

# न्यायालयबारे संसद्मा प्रश्न

## महाअभियोगको प्रावधान देखाउँदै रास्वपा सांसदहरू

सर्वोच्च अदालतका आदेश तथा फैसलाको व्याख्यादेखि न्यायाधीश नियुक्ति, सम्पत्ति छानबिन, महाभियोग र न्यायपालिकाका पुनर्संरचनासम्मका विषय सांसदहरूले सदनमा उठाएका छन्।


महाअभियोग राजनीतिक प्रतिशोधको हतियार होइन। तर, संविधानमा सजावटका लागि राखिएको पनि होइन।

■ **यज्ञमणि न्यौपाने**
**सांसद, रास्वपा**

- प्रधानन्यायाधीश नियुक्तिको रोलक्रममा प्रश्न
- संविधान संशोधनसम्बन्धी आदेशमाथि टिप्पणी
- सांसद पद निलम्बनको व्याख्यामा आपत्ति
- सम्पत्ति छानबिन रोक्ने आदेशमा प्रश्न
- खोजिँदै न्यायपालिकाको पुनर्संरचना
- न्यायाधीशको सम्पत्ति छानबिन गर्न माग
- विवादित फैसलाको संसदीय अध्ययनको प्रस्ताव


सर्वोच्चलगायत धेरै अदालतमाथि आगो लगाएर यो देशको न्याय व्यवस्थामाथि हमला गरियो। अब फेरि के नयाँ हमला गर्न खोजिँदै छ?

■ **गुरु बराल**
**सांसद, एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ असोज

६ असोज २०८३ को प्रतिनिधिसभाको बैठकमा सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद यज्ञमणि न्यौपाने र प्रतिपक्षी दल नेकपा एमालेका सांसद गुरु बरालको सवाल-जवाफ चल्यो। विषय थियो, सर्वोच्च अदालतको भूमिका।

न्यायालय परिवर्तनको पक्षमा नरहेको भनेर रास्वपाका सांसद न्यौपानेले प्रश्न उठाए। एमालेका सांसद बरालले अदालतबारे अनावश्यक टिप्पणी गरिएको भनेर प्रतिवाद गरे। 'पछिल्ला घटनाक्रमहरू नियाल्दा अदालतले परिवर्तनलाई आत्मसात् गरेजस्तो महसुस हुँदैन,' न्यौपानेले भनेका थिए, 'न्यायालय कस्तो छ भनेर न्यायाधीश, वकिल, कर्मचारी, नेतालाई नसोधौं। मुद्दा हारेर रन्थनिएको मुद्दावालालाई पनि नसोधौं। मुद्दा जितेर हातमा फैसला बोकेको बहादुरलाई सोध्नुहोस्। उसले पनि भन्नेछ-यो न्यायालयले न्याय दिँदैन।'

रास्वपा सांसद न्यौपानेले अदालतप्रतिको गरेको यस्तो टिप्पणीमा नियमापत्ति गर्दै एमाले सांसद बरालले जेनजी आन्दोलनका क्रममा अदालतसमेत जलेको स्मरण गराए। 'न्यायलयमाथि जसरी हस्तक्षेप गर्ने कुरा गरिँदै छ। जेनजी आन्दोलनको बेलामा सर्वोच्च अदालतलगायत धेरै अदालतमाथि आगो लगाएर यो देशको न्याय व्यवस्थामाथि हमला गरियो,' सांसद बरालले प्रश्न गरे, 'अब फेरि के नयाँ हमला गर्न खोजिँदै छ?' न्यायमूर्तिमाथिको हमला स्वीकार्य नरहेको भन्दै त्यस्ता अभिव्यक्ति सच्याउन उनले माग गरे। यसले प्रतिनिधिसभामा अदालत र न्यायपालिकाको भूमिकालाई लिएर बहस भइरहेको देखाउँछ। सर्वोच्च अदालतका आदेश तथा फैसलाको व्याख्यादेखि न्यायाधीश नियुक्ति, सम्पत्ति छानबिन, महाभियोग र न्यायपालिका पुनर्संरचनासम्मका विषय सांसदहरूले सदनमा उठाएका छन्। पृष्ठ २ मा

# बेपत्ताको पहिचान गर्न डिएनए परीक्षण




भोटेकोशी र रसुवा क्षेत्रमा आएको बाढीमा बेपत्ता तथा ज्यान गुमाएकाको पहिचानका लागि संकलित नमुनामध्ये करिब एक हजार ९०० को डिएनए प्रोफाइलिङ गरिएको छ। तीन हजार ३४५ नमुना संकलन भएकोमा एक हजार ४१० शव फेला परेका छन्। तीमध्ये ११२ जनाको मात्र पहिचान भएको छ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ७ असोज

भोटेकोशी र रसुवालगायत क्षेत्रमा आएको बाढीमा बेपत्ता तथा ज्यान गुमाएका व्यक्तिको पहिचानका लागि सरकारले डिएनए परीक्षण प्रक्रिया अगाडि बढाएको छ। बाढीका कारण शव क्षतविक्षत र पहिचान गर्न नसकिने अवस्थामा फेला परेकाले वैज्ञानिक माध्यमबाट आफन्त पहिचान गर्न संकलित डिएनए नमुनाको परीक्षण भइरहेको हो।

नेपाल प्रहरीका अनुसार बाढीमा ज्यान गुमाएका तथा बेपत्ता व्यक्तिको पहिचानका लागि संकलन गरिएका तीन हजार ३४५ नमुनामध्ये करिब एक हजार ९ सयको डिएनए प्रोफाइलिङ गरिएको छ। नेपाल प्रहरी, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) र राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले डिएनए परीक्षण गरिरहेका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढीबाट ६ हजार १४५ जना बेपत्ता भएका छन्। एक हजार ४१० शव फेला परेका छन्। तीमध्ये ११२ जनाको मात्रै पहिचान भएको छ। पृष्ठ २ मा


सामान्य प्रोटोकलमा एउटा नमुनाको परीक्षणका लागि करिब पाँच दिनसम्म लाग्ने गरेको थियो। तर दक्ष जनशक्ति, प्रविधि र विज्ञको सहकार्यका कारण नास्टको प्रयोगशालाले कतिपय नमुना दुईदेखि तीन घण्टामै प्रशोधन गरिएको छ।

■ **रामचन्द्र पौडेल**
**वरिष्ठ वैज्ञानिक, नास्ट**


प्राप्त प्रोफाइललाई परिवारबाट संकलन गरिएको नमुनासँग तुलना गरी प्रमाणित गर्नुपर्ने हुन्छ। डिएनए म्याचिङ भएपछि कानुनी प्रक्रिया पूरा गरेर आफन्तलाई शवको जिम्मा लगाइनेछ।

■ **अविनारायण काफ्ले**
**प्रवक्ता, नेपाल प्रहरी**

**वैदेशिक रोजगार विशेष**

# नोभेम्बरमा काठमाडौंमा जापान रोजगार मेला हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असोज

आगामी नोभेम्बर महिनामा जापानका रोजगारदाता कम्पनीहरू तथा नेपालका वैदेशिक रोजगार व्यवसायी संस्थाहरूको संलग्नतामा नेपालमा जापान रोजगार मेला हुने भएको छ।

नेपालमा रोजगार मेलाको सम्भावना अध्ययनका लागि नेपाल आएको जापानी व्यवसायी प्रतिनिधिमण्डल र नेपाल वैदेशिक रोजगार व्यवसायी संघबीच बुधबार त्यस विषयमा पहिलो चरणको छलफल भएको छ।

उक्त छलफलमा जापानका रोजगारदाता कम्पनीहरूको प्रत्यक्ष सहभागितामा नेपाली श्रमिकका लागि रोजगारीका अवसर सिर्जना गर्ने विषय प्राथमिकतामा राखिएको संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले जानकारी दिए। यसपटक कृषि क्षेत्रका रोजगारदाता रोजगार मेलाका लागि आएको पृष्ठ २ मा

## मलेसियामा नेपाली श्रमिकका जबरजस्ती श्रमसम्बन्धी ४६ उजुरी

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, ७ असोज

नेपालको राष्ट्रिय मानव अधिकार आयोग र मलेसियाको मानव अधिकार आयोग (सुहाकाम)बीच तीन वर्षको अवधिका लागि आप्रवासी कामदार र दुवै देशमा बसोबास गर्ने मानिसहरूको अधिकारसम्बन्धी समझदारीपत्र नवीकरण भएको छ। सुहाकामका अध्यक्ष दातो सेरी पृष्ठ २ मा



# बेपत्ता प्रहरी हवल्दारको दाहसंस्कार
# ७ वर्षीय छोराले कुशको शवमा दिए दागबत्ती

**लालबाबु बानियाँ/मध्यान्ह**
पर्सा, ७ असोज

रसुवामा आएको विनाशकारी बाढीमा बेपत्ता भएका नेपाल प्रहरीका हवल्दार श्रवणकुमार यादवको २९ दिनपछि परिवारले कुशको प्रतीकात्मक शव बनाएर हिन्दु धार्मिक परम्पराअनुसार दाहसंस्कार गरेको छ ।

पर्साको पर्सागढी नगरपालिका-९ एकटंगास्थित यादवको घरपरिवारले बुधबार हिन्दु परम्पराअनुसार कुशको शव बनाएर दाहसंस्कार गरेको हो । दाहसंस्कारका क्रममा नेपाल प्रहरीका प्रहरीले शोक सलामीसहित श्रद्धाञ्जली अर्पण गरेका थिए ।

रसुवा प्रहरी चौकीमा कार्यरत हवल्दार यादव असोज १० गते आएको विनाशकारी बाढीपछि बेपत्ता भएका थिए । २९ दिनसम्म खोजतलास गर्दा पनि उनको अवस्था पत्ता



नलागेपछि परिवारले छोरा जीवित भेटिने आशा मारेको भन्दै प्रतीकात्मक शव बनाएर दाहसंस्कार गरेको जनाएको छ ।

**भोटेकोशी बाढी**

यादवका काका मदन यादवका अनुसार श्रवण १६ वर्षदेखि नेपाल प्रहरीमा कार्यरत थिए। रसुवामा बाढी आएको खबर पाएपछि परिवारका सदस्यहरू पर्साबाट त्रिशूलीसम्म पुगेर आफैंले समेत खोजतलास गरेको उनले बताए । 'नेपाल प्रहरीमा १६ वर्षदेखि कार्यरत थियो । रसुवामा विनाशकारी बाढीको खबर सुनेपछि हामीहरू छोरा श्रवणलाई खोज्न पर्सादेखि त्रिशूलीसम्म आफैं गयौं । तर कतै भेटेनौं,' मदनले भने, 'सरकारले पनि छोराको शरीर खोजेर दिन सकेन । धेरैपटक खोजतलास गर्दा पनि नभेटिएपछि छोराको आश मानेर २९ दिनपछि कुशको प्रतीक बनाएर दाहसंस्कार गरेका हौं ।'

श्रवण परिवारका लागि मुख्य आर्थिक सहारा रहेको परिवारले जनाएको छ । उनको परिवारमा श्रीमती, दुई छोरी, एक छोरा, आमाबुबा र एक बहिनी गरी सातजना छन् । परिवारमा कमाउने सदस्यका रूपमा श्रवण मात्रै रहेको परिवारको भनाइ छ ।

श्रवणका एक छोरा सात वर्षका छन् । आमाबुबा वृद्ध अवस्थामा पुगिसकेका छन् । परिवारको मुख्य सहारा रहेका श्रवण बाढीमा बेपत्ता भएपछि परिवारको आर्थिक अवस्था थप कमजोर बनेको छ ।

छोराको अवस्था पत्ता नलागेपछि अन्ततः धार्मिक परम्पराअनुसार दाहसंस्कार गर्नुपरेको पीडा परिवारले व्यक्त गरेको छ । परिवारले अब आफ्नो घरपरिवारको सहारा बन्न सरकारसँग सहयोगको आग्रह गरेको छ ।

# पोखरा–दुबई उडान सुरु




**पोखरा/मस-** फ्लाई दुबईको जहाज बोइङ ७३७ म्याक्स ८ ले पोखरामा उडान भरेपछि पर्यटन प्रवर्धनसँगै त्यस क्षेत्रबाट वैदेशिक रोजगारीमा जानेहरू हर्षित भएका छन् ।

दुबईबाट ९९ जना यात्रु लिएर बुधबार पहिलोपटक पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको जहाज १४६ जना यात्रु लिएर साँझ ७:१५ बजे फर्केको छ । फ्लाई दुबईमा सन् २०२२ देखि कार्यरत नेपाली पाइलट सर्वजित यादवले उक्त जहाज पोखरा ल्याएका हुन् ।

पोखराबाट उडान भर्नेमा ठुलो संख्यामा वैदेशिक रोजगारीमा जाने श्रमिकहरू रहेका थिए । उनीहरूलाई पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बिदाइ गरे ।

नेपाल सरकारले अन्तर राष्ट्रिय उडानका लागि वायुसेवा कम्पनीलाई आकर्षित गर्न यस विमानस्थलमा लाग्ने विभिन्न शुल्कमा छुट दिने निर्णय गरेको छ । २०८५ भदौ मसान्तसम्मका लागि विमानस्थलमा पार्किङ, ल्यान्डिङ र नेभिगेसन शुल्क पूर्ण रूपमा र ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिइएको छ ।

यसअघि जजिरा विमानले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवामा प्रारम्भ गरेको उडान यात्रु अभावमा रोकेको थियो । पोखरामा फ्लाई दुबईको उडानलाई स्थायित्व दिन पोखराका होटल तथा रेस्टुराँ व्यवसायीले पनि छुट योजना ल्याएका छन् ।

## कोखको...

तथा हिमाली क्षेत्रका युवती प्रयोग गर्ने गरेको दाबी रिपोर्टमा गरिएको छ । कामको सिलसिलामा भारत लैजाने र त्यहाँ पुगेपछि बन्धक बनाएर सरोगेट आमा बनाउने क्रम भूकम्प र कोभिडपछि अझ बढेको भनिएको छ । तर 'सरोगेट आमा' बनेका सबै जबर्जस्ती बनाइएका हुन्छन् भन्ने छैन ।

**मासिक १५ हजारमा कोख**

बुटवलकी सुनमाया बुढा (नाम परिवर्तन)ले श्रीमान् र सासू-ससुराकै सहमतिमा सरोगेट आमा बन्ने निर्णय गरेकी थिइन् । कामको सिलसिलामा श्रीमान्सहित भारत पुगेकी उनी महिनाको १५ हजार रुपैयाँमा सहमत भएर भाडाकी आमा बनिन् । उनी सन्तान जन्माउन नेपाल आएकी थिइन् । 'अहिले त १२-१३ वर्ष भइसक्यो, मैले त भुलिसकें,' उनी भन्छिन्, '१५ हजार पाउने भएपछि अर्काको घरमा भाँडा माझ्ने काम छाडेको हुँ ।' बच्चा कहाँ जन्माइन् र कसलाई दिइन् भन्ने उनले खुलाउन चाहिनन् । यत्ति भनिन्, 'पैसा कमाएर गाउँमै घर बनाउने सपना थियो, त्यो पूरा भयो ।'

आफूले कसको गर्भ बोकेको छु भन्नेसमेत थाहा नभएको उनी बताउँछिन् । आफूलाई जे-जे गर्न भनियो, त्यही मात्र गरेको उनको भनाइ छ । आठ महिनासम्म महिनाको १५ हजार र बच्चा जन्मिएपछि थप दुई लाख रुपैयाँ पाएको उनी बताउँछिन् । 'दुइजना छोरी थिए, तिनको भविष्यका लागि मैले भाडामा कोख दिएँ,' उनले भनिन्, 'यसमा मलाई कुनै पछुतो छैन ।' सुनमाया स्वेच्छिक रूपमा सरोगेट आमा बनेको देखिन्छ । तर आर्थिक रूपमा कमजोर महिलाहरू बिचौलियाको निसानामा पर्ने गरेको पाइएको छ । उनीहरूलाई गोप्य स्थानमा राखेर आइभिएफलगायत प्रजनन प्रविधिबाट गर्भवती बनाउने र बच्चा जन्मिएपछि सम्बन्धित दम्पतीलाई बुझाउने गरिएको थुप्रै उदाहरण छन् ।

सार्वजनिक भएका विभिन्न रिपोर्टअनुसार करोडौं रुपैयाँमा कोखको कारोबार हुने गरेको छ । मोटो रकममा सम्झौता भए पनि महिलाले भने त्यसको सीमित हिस्सा मात्र पाउने गरेका छन् । राजीखुसीमा सरोगेट आमा बनेकाबाहेक धेरै युवतीको कोख जबर्जस्ती प्रयोग हुने गरेको दाबी पनि सार्वजनिक भएका छन् ।

**बढ्दो सीमापार कारोबार**

भारतले सरोगेसी नियमन ऐन, २०२१ लागू गर्दै व्यावसायिक अर्थात् पैसा लिएर गरिने सरोगेसीलाई प्रतिबन्ध लगाएको छ । तोकिएका कानुनी र चिकित्सकीय मापदण्ड पूरा गरी आर्थिक लाभ नलिई गरिने गैरव्यावसायिक सरोगेसीलाई भने अनुमति दिइएको छ ।

तर नेपालबाट लगिएका युवतीमाथि महँगो रकम खर्च हुने गरेको दाबी छ । दैनिक भास्करको स्टिङ अपरेसन रिपोर्टअनुसार सन्तान चाहने आर्थिक रूपमा सम्पन्न दम्पतीसँग दलालहरूले ठुलो रकममा सम्झौता गर्ने र त्यसको सानो हिस्सा मात्र सरोगेट आमाका रूपमा प्रयोग गरिने महिलाले पाउने गरेका छन् । बाँकी रकम बिचौलिया तथा गिरोहका सदस्यबीच बाँडफाँट हुने गरेको रिपोर्टमा दाबी गरिएको छ ।

अनुसन्धानका क्रममा भैरहवा क्षेत्रमा सक्रिय भनिएकी एक महिला एजेन्टसँग सम्पर्क गरिएको र उनले नेपाली महिलालाई भारतमा सन्तान चाहने दम्पतीसम्म पुर्‍याउने गरेको भिडियोसमेत बाहिरिएको छ ।

भारतको उत्तर प्रदेशसँग जोडिएको भैरहवा महत्त्वपूर्ण सीमावर्ती सहर हो । माइती नेपालको विवरणअनुसार सन् २०२४ मा ट्रान्जिट होममार्फत सीमा क्षेत्रबाट १६८ महिला तथा किशोरीलाई उद्धार वा रोकिएको थियो । सोही अवधिमा मानव तस्करीसम्बन्धी एउटा मुद्दा दर्ता भएको पनि संस्थाले जनाएको छ ।

तर उक्त तथ्यांकले ती महिलाहरू सरोगेसीका लागि लगिँदै थिए भन्ने प्रमाणित गर्दैन । आफन्तको घरमा जाने भन्दै धेरै नेपाली महिला तथा बालबालिका भारत पुग्छन् । त्यहाँ पुगेपछि आफू बेचिएको थाहा पाएका घटना पनि छन् । तर भारतमा बेचिएका सबै महिलालाई सरोगेसीमा प्रयोग गरिएको भन्न नसकिने सरोकारवालाहरू बताउँछन् ।

अधिवक्ता शोभा त्रिपाठी मानव बेचबिखन र सरोगेट मदर बन्ने अवस्थालाई फरक मान्छिन् । 'कसैबाट बेचिनु र आफूलाई आफैं बेच्नु छुट्टै अवस्था हो,' उनी भन्छिन्, 'तर कानुनले बन्देज गरेको कुरालाई आफ्नो खुसी भन्दै मनमर्जी गर्न मिल्दैन ।' जबर्जस्ती ललाईफकाई सीमापार गराइन्छ भने त्यो मानव बेचबिखन नै भएको त्रिपाठी बताउँछिन् । 'सरोगेट मदर बन्ने कुरा नेपाल र भारत दुवै देशमा बन्देज छ, यस्तो अवस्थामा राजीखुसी गरेको कुरा पनि अपराधसरह नै हो,' उनी भन्छिन् ।

**नियमनमा चुनौती**

सरकार र अदालतले रोक लगाए पनि अहिले प्रश्न फेरि त्यहीं पुगेको छ- सरोगेसीलाई कसरी नियमन गर्ने ? स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले सरोगेसी नियमन गर्न छुट्टै कानुन आवश्यक रहेको बताएकी छन् । 'आइयुआई, आइभिएफ र सरोगेसीलगायत प्रजननसँग सम्बन्धित प्रविधिलाई नियमन आवश्यक छ,' उनले भनिन् ।

उनका अनुसार, सरोगेसी फरक प्रकृतिको विषय भएकाले आवश्यक कानुनी, प्राविधिक, चिकित्सकीय, नैतिक तथा नियामक पक्ष समेटेर सरोगेसीसम्बन्धी अवधारणापत्र तयार गर्ने प्रक्रिया प्रारम्भ भएको छ । 'सरोगेसी फरक प्रकृतिको विषय भएकाले आवश्यक कानुनी, प्राविधिक, चिकित्सकीय, नैतिक तथा नियामक पक्ष समेटेर सरोगेसीसम्बन्धी अवधारणापत्र तयार गर्ने प्रक्रिया प्रारम्भ भएको छ,' मन्त्री मेहताले भनिन् ।

तर प्रस्तावित अवधारणापत्रमा कुन-कुन विषय समेटिएको छ भन्ने खुलाइएको छैन । संयुक्त राज्य अमेरिकाबाट सुरु भएको सरोगेसी युरोप हुँदै एसियालगायत विभिन्न देशमा फैलिएको थियो । व्यावसायिक सरोगेसीलाई धेरै मुलुकले प्रतिबन्ध लगाइसकेका छन् भने सेवामूलक सरोगेसी भारतलगायत देशमा प्रचलित छ ।

## अनि...

तथ्यांकमा उल्लेख छ । नेपालमा सरोगेसीको बहस भने त्यसअघि नै सुरु भइसकेको थियो । २०६७ फागुन २४ गते नेपाली दम्पतीले नेपाली महिलालाई भाडाको आमा बनाएर जन्माएको सन्तानले अंश पाउने/नपाउने विषयमा काठमाडौं जिल्ला अदालतले फैसला गरेपछि यो विषय चर्चामा आएको थियो ।

काठमाडौंका उज्ज्वलशमशेर राणाले आफ्नी श्रीमती साम्भवीबाट बच्चा जन्मिन नसक्ने भएपछि २९ असोज ०६४ मा काठमाडौंकै एक महिलाको कोख भाडामा लिएका थिए । बच्चा जन्मिएपछि श्रीमान्ले आफ्नो मन्जुरीबिना अन्य महिलाको कोख भाडामा लिएर बच्चा जन्माएको भन्दै श्रीमतीले सम्बन्धविच्छेद गर्ने निर्णय गरिन् ।

भाडाको कोखबाट जन्मिएको बच्चाले अंश पाउने कि नपाउने विवाद अदालत पुग्यो । न्यायाधीश टेकनारायण कुँवरले पत्नीको मन्जुरीबिना भाडाको कोखबाट जन्मेको बच्चालाई कानुनी मान्यता दिन नमिल्ने फैसला सुनाए । त्यतिबेला नेपालमा सरोगेसी सेवामा प्रतिबन्ध थिएन ।

२८ कात्तिक २०७१ सम्म स्वास्थ्य मन्त्रालयले जारी गरेको जानकारी पत्रमा पनि नेपालमा हुने सरोगेसी सेवामा कुनै प्रतिबन्ध नभएको आशय थियो । त्यसैलाई आधार बनाएर निजी अस्पतालहरूले सेवा दिँदै आएका थिए । पछि सरकारले २ असोज ०७१ मा विदेशी नागरिकका लागि मात्र सेवा प्रदान गर्न सरोगेसीसम्बन्धी कार्यविधि बनाउने मन्त्रिपरिषद्स्तरीय निर्णय गर्‍यो । तर स्वदेशी वा विदेशी कुनै पनि किसिमको व्यावसायिक सरोगेसी सेवा सञ्चालन गर्न नपाउने आवाज उठ्न थाल्यो ।

सर्वोच्च अदालतमा रिट पर्‍यो । ८ भदौ ०७१ मा सर्वोच्चले सरोगेसी नगर्न, नगराउन अन्तरिम आदेश जारी गर्‍यो । सर्वोच्चको आदेशविरुद्ध गएर विभिन्न अस्पतालले अझै पनि सरोगेट मदरको काम गरिरहेको भन्दै अधिवक्ताद्वय पुष्पराज पाण्डे र प्रवीण पन्दाकले २०७२ भदौ ६ मा रिट हाले ।

सरकारले २०७२ असोज १ गते मन्त्रिपरिषद्को निर्णयमार्फत सरोगेसी सेवा सञ्चालनमा रोक लगायो । २०७३ असार ३१ गते पाण्डे र पन्दाकले दायर गरेको रिटमा तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्की र गोविन्दकुमार उपाध्यायको संयुक्त इजलासले फैसला गर्दै सरोगेसी सेवा खुलाउने बाटो बन्द गरिदियो ।

सरोगेसी रोकिएपछि काठमाडौंको ग्रान्डी सिटीलगायत अस्पतालले विरोध गरेका थिए । ग्रान्डी सिटी अस्पतालले सेवा सञ्चालन गर्न पाउनुपर्ने मागसहित दुईपटक सर्वोच्चमा रिट दायर गरेको थियो । सर्वोच्च अदालतको २०७३को अन्तिम फैसलाले व्यावसायिक सरोगेसी पूर्ण रूपमा निषेध गरे पनि कानुन बनेको अवस्थामा निश्चित सर्तसहित निःस्वार्थ सरोगेसीको बाटो भने खुला राखेको थियो । त्यस्तो कुनै कानुन बनेको छैन ।

## न्यायालयबारे...

यही मेसोमा प्रधानन्यायाधीश नियुक्तिको रोलक्रममाथि प्रश्न उठेको छ । यो प्रश्न खासगरी विपक्षी दलहरूले उठाएका हुन् ।

तत्कालीन प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको अवकाशपछि वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल कायममुकायम प्रधानन्यायाधीशको जिम्मेवारीमा थिइन् । उनी नै रोलक्रमको पहिलो नम्बरमा थिइन् । तर, उनलाई छाडेर संवैधानिक परिषद्ले चौथो वरीयतामा रहेका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेपछि नै यो विवाद सतहमा आएको थियो । तर प्रतिनिधिसभामा १८२ सिट रहेको सत्तारूढ दल रास्वपाको चाहनामा विपक्षीको जोर चलेन ।

अहिले पनि विपक्षी दलहरूले यो निर्णयलाई कार्यपालिकाको न्यायपालिकामाथिको हस्तक्षेपका रूपमा टिप्पणी गर्दै आएका छन् । यही बेला संसद्मा रास्वपाका सांसदहरूले भने अदालतले गरेका व्याख्यामा टेकेर टिप्पणी गर्न थालेका छन् ।

सर्वोच्च अदालतले पछिल्लो समय गरेको संविधान संशोधनसम्बन्धी अन्तरिम आदेशमाथि संसद्मा टिप्पणी भएको छ । सम्पति शुद्धीकरणसम्बन्धी मुद्दा लागेपछि सांसद पद निलम्बन हुनेसम्बन्धी सर्वोच्च अदालतको व्याख्याका सम्बन्धमा प्रश्न उठाएका छन् । सम्पत्ति छानबिन रोक्ने आदेशमाथि प्रश्न उठेको छ । यसैसँग जोडिएर न्यायपालिका पुनर्संरचनाको माग आएको छ । न्यायाधीशको सम्पत्ति छानबिन गर्ने, विवादित फैसलाको संसदीय अध्ययनको प्रस्ताव आएको छ । यसमा संसद्को अधिकार क्षेत्राधिकार र अदालतको भूमिकाको विषय उठेको छँदै छ ।

रास्वपा सांसद मधुकुमार चौलागाईं प्रतिनिधिसभा नियमावलीबारे सर्वोच्चले गरेको व्याख्यामै प्रश्न उठाउँछन् । सर्वोच्च अदालतको संवैधानिक इजलासले भदौ ३१ गते प्रतिनिधिसभा नियमावलीका केही व्यवस्थाको तत्काल कार्यान्वयन रोक्ने गरी अन्तरिम आदेश दिएको छ । उक्त आदेशले संविधान संशोधनको बाटो र संसद्को अधिकार प्रभावित गरेको उनको दाबी छ ।

प्रतिनिधिसभा नियमावलीको नियम १४०(११) ले संविधान संशोधनसम्बन्धी विधेयक दुवै सदनबाट आवश्यक दुईतिहाइ पुगेपछि प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउने प्रक्रिया तोकेको छ । नियम २५९ ले भने नियमावलीलाई सभा, समिति र सदस्यका हकमा संघीय कानुनसरह विशेष व्यवस्था मानेको छ ।

यी व्यवस्थामाथि प्रश्न उठेपछि सर्वोच्चले तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको हो । यसबारे प्रश्न उठाउँदै ७ असोजको प्रतिनिधिसभाको बैठकमा सांसद चौलागाईंले भने, 'यो आदेशले एकातिर संविधान संशोधनको बाटो रोकिदिएको छ भने अर्कोतिर संघीय संसद्को सार्वभौम अधिकार कुण्ठित गरेको छ ।'

यसैगरी, रास्वपाका सांसद यज्ञमणि न्यौपाने सम्पत्ति छानबिन र भ्रष्टाचारका मुद्दासँग सम्बन्धित अदालतको फैसलामा प्रश्न उठाउँछन् । अदालतकै कारण झन्डै दुईतिहाइ बहुमतको सरकार भए पनि गैरकानुनी रूपमा आर्जित सम्पत्तिको स्रोत खोज्न नसक्ने अवस्था रहेको उनको भनाइ छ । 'धन कहाँबाट आयो भनेर हेर्न नसक्ने सरकारले, धन कहाँ गयो भनेर पनि हेर्न सक्दैन, अनि पुगिन्छ कहाँ ? कसरी हुन्छ सुशासन ?' उनको प्रश्न छ ।

उनले अदालतका आदेशका कारण भ्रष्टाचार तथा अपराधका कतिपय अनुसन्धान अघि बढाउन नसकिएको भनेर प्रश्न उठाए । उनले भनेका छन्, 'फाइल खोलेकै हो, अदालतले रोक्यो ।' यस्तो जवाफले सुशासन स्थापित नहुने भन्दै न्यौपानेले न्यायालयको अवस्थाको मूल्यांकन गर्न न्यायाधीश, वकिल, कर्मचारी वा राजनीतिज्ञलाई नभई मुद्दा जितेर फैसला हातमा बोकेको व्यक्तिलाई सोध्नुपर्ने तर्क गरेका हुन् ।

न्यायालय सुधारका लागि कार्यदल गठन, न्यायाधीशको सम्पत्तिसम्बन्धी विवरणमा पारदर्शिता, विवादित फैसलाको अध्ययन गर्न संसदीय समिति गठन, रिक्त अदालतमा सक्षम न्यायाधीश नियुक्ति र न्यायाधीशको सम्पत्ति छानबिनलगायतका कार्य गर्नुपर्ने उनको माग छ ।

यस्ता बहसमा रास्वपा सांसदहरू महाअभियोगको प्रावधान देखाउँदै छन् । 'संविधानमा भएको महाभियोग राजनीतिक प्रतिशोधको हतियार होइन । तर, संविधानमा समावेश भएको महाभियोग सजावटका लागि राखिएको व्यवस्था पनि होइन,' न्यौपानेले भनेका छन् ।

## बेपत्ताको...

अन्य शवहरू पहिचान खुलेमा झिक्न सकिनेगरी जमिनमुनि व्यवस्थापन गरिएको छ । प्राधिकरणका अनुसार एक हजार ३२९ मृतक र २ हजार १६ जना आफन्तबाट डिएनए नमुना संकलन गरिएको छ ।

नास्टमा दैनिक करिब ५० वटा डिएनए नमुना परीक्षण हुने गरेको छ । विभिन्न बाढीप्रभावित क्षेत्रबाट संकलन गरिएका हड्डी तथा दाँतका डिएनए प्रोफाइलिङ गरेर फरेन्सिक प्रयोगशालामा पठाइएको छ । प्रयोगशालामा प्राप्त ८५३ हड्डी तथा दाँत र ३७ रगतका डिएनए नमुनामध्ये ५२२ वटाको प्रोफाइलिङ गरिएको छ । ७९८ वटा डिएनए नमुना प्रक्रियामा छन् । डिएनए नमुना परीक्षण गरेर ४१९ वटा डाटा प्रोफाइलिङ गरी फरेन्सिक प्रयोगशालामा पठाइसकिएको छ ।

नास्टका वरिष्ठ वैज्ञानिक तथा सूचना अधिकारी एवं प्रवक्ता डा. रामचन्द्र पौडेलका अनुसार सामान्य प्रोटोकलमा एउटा नमुनाको परीक्षण गर्न करिब पाँच दिन लाग्ने गरेको थियो । तर दक्ष जनशक्ति, प्रविधि र विज्ञको सहकार्यका कारण नास्टको प्रयोगशालाले कतिपय नमुना दुईदेखि तीन घण्टामै प्रशोधन गरेको छ । 'डिएनए परीक्षणको उद्देश्य नमुना 'पोजेटिभ' वा 'नेगेटिभ' छुट्याउनु मात्र नभई त्यसबाट व्यक्तिको आनुवंशिक प्रोफाइल तयार गरी हराइरहेका व्यक्तिका परिवारबाट संकलन गरिएको रगतको नमुनासँग तुलना गर्नु हो,' उनले भने, 'यसरी हड्डी तथा दाँतबाट प्राप्त डिएनए प्रोफाइल र परिवारका सदस्यको सन्दर्भ नमुनाबीच मिलान गरेर पहिचान गरिनेछ ।'

प्रयोगशालाका अनुसार सामान्य प्रोटोकलमा एउटा नमुनाको परीक्षणका लागि करिब पाँच दिनसम्म लाग्न सक्छ । तर दक्ष जनशक्ति, प्रविधि र विज्ञको सहकार्यका कारण नास्टको प्रयोगशालाले कतिपय नमुना दुईदेखि तीन घण्टामै प्रशोधन गर्न सक्ने दाबी गरेको छ । प्रयोगशालाको दैनिक क्षमता करिब ४० देखि ५० नमुनासम्म रहेको नास्टले जनाएको छ ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पनि परीक्षणका लागि आएका हड्डी, दाँतलगायत नमुना तथा हराएका व्यक्तिको पहिचानका लागि उत्खनन गरिएका नमुनाको परीक्षण भइरहेको छ । प्रयोगशालाका वरिष्ठ वैज्ञानिक अधिकृत एवं सूचना अधिकारी मुकुल प्रधानका अनुसार एक हजार ७७१ वटा डिएनए नमुना परीक्षणका लागि छन् । तीमध्ये १ हजार २१ वटा प्रोफाइल जेनेरेट गरिएको छ । हालसम्म तयार भएका डिएनए प्रोफाइल र त्यसबाट तयार गरिएको डाटा प्रहरी तथा राष्ट्रिय फरेन्सिक प्रयोगशालासँगको समन्वयमा प्रयोग भइरहेको छ । डिएनए प्रोफाइलिङ तयार भएपछि त्यसलाई म्याचिङका लागि विशेष सफ्टवेयरमा राखिन्छ ।

बेपत्ता वा दाबी गर्ने परिवारका सदस्यबाट संकलन गरिएको रक्तनमुनासँग सफ्टवेयरमा डाटा मिलान भएपछि कानुनी प्रक्रिया पूरा गरी अवशेष सम्बन्धित परिवारलाई हस्तान्तरण गरिने प्रहरी प्रवक्ता अविनारायण काफ्ले बताउँछन् । 'पहिचानको अन्तिम निष्कर्ष निकाल्न भने प्रयोगशालाबाट डिएनए प्रोफाइल तयार हुनु मात्रै पर्याप्त हुँदैन,' उनले भने, 'प्राप्त प्रोफाइललाई परिवारबाट संकलन गरिएको नमुनासँग तुलना गरी प्रमाणित गर्नुपर्ने हुन्छ, त्यसपछि मात्रै कुन नमुना कुन व्यक्तिको हो भन्ने यकिन गर्न सकिन्छ ।'

डिएनए म्याचिङ भएपछि कानुनी प्रक्रिया पूरा गरेर आफन्तलाई शवको जिम्मा लगाइने प्रहरीले जनाएको छ ।

## नोभेम्बरमा...

बताइएको छ । जापानी रोजगारदाता र नेपालका म्यानपावर कम्पनीबीच समन्वय तथा सहकार्य गर्ने सहमति भइसकेको र रोजगार मेलालाई प्रभावकारी रूपमा सञ्चालन गर्ने विषयका प्राविधिक पक्षहरू टुंगिएपछि आधिकारिक पत्र प्राप्त हुने महासचिव डाँगीले बताए ।

जापानमा सीपयुक्त दक्ष कामदारको माग बढेको र नेपालबाट ठुलो संख्यामा श्रमिक लैजान सकिने अवस्था देखेपछि जापानी रोजगारदाताहरू नेपालप्रति आकर्षित भएका छन् । यस अघि गत फेब्रुअरी अन्तिम साता जापानको टोकियोमा रोजगार सम्मेलन भएको थियो ।

सन् २०१९ मा एसएसडब्लु नीति लिएको जापानले नेपालसहित फिलिपिन्स, इन्डोनेसिया, म्यानमार, चीन, कम्बोडिया, मंगोलिया, थाइल्यान्ड र भियतनामलगायतका देशबाट कामदार लगेको छ । जापानमा सन् २०३० सम्म ६४ लाखभन्दा बढी कामदारहरूको अभाव हुने आकलन गरिएको छ । उक्त अभावलाई पूर्ति गर्न जापानले तीन वर्षअघि नै विदेशी कामदार भर्नासम्बन्धी नयाँ नीति ल्याएको थियो । जापानमा औद्योगिक मेसिन उत्पादन उद्योग, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स उद्योग, नर्सिङ तथा स्याहार, भवन सरसफाइ र व्यवस्थापन, कच्चा माल उत्पादन उद्योगदेखि कृषि, मत्स्यपालन तथा अक्वाकल्चर, खाना तथा पेय पदार्थ उत्पादन, खाद्य सेवा, निर्माण, पानीजहाज निर्माण तथा मेसिनरी उद्योग, अटोमोबाइल मर्मतसम्भार, उड्डयन तथा होटलसम्बन्धी उद्योगमा विदेशी कामदारको माग रहेको बताइएको छ ।

## मलेसियामा...

मोहम्मद हिशामुद्दिन युनुस र आयोगका अध्यक्ष तपबहादुर मगरले मलेसियाको क्वालालम्पुर स्थित सुहाकाम मुख्यालयमा समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

आप्रवासी कामदार र दुवै देशमा बसोबास गर्ने मानिसहरूको अधिकारको रक्षा गर्न सूचना आदानप्रदान, गुनासोका सम्बन्धमा दुईतर्फी सञ्चार, संयुक्त अनुगमन, अनुसन्धान र अन्य सम्बन्धित कार्यक्रमहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो सम्झौतापत्र पहिलो पटक सन् २०१९ मा हस्ताक्षर गरिएको थियो । त्यसपछि यो सम्झौतापत्र २८ मार्च २०२४ सम्म दुई पटक नवीकरण गरिएको थियो । अघिल्लो सम्झौतापत्रको अवधिभर सुहाकामले नेपाली आप्रवासी कामदारका मुद्दामा काम गर्ने गैरसरकारी संस्था, नागरिक समाज संगठनहरू र क्वालालम्पुरमा रहेको नेपाली दूतावाससँग मलेसियामा नेपाली आप्रवासी कामदारहरूको बारेमा जानकारी आदानप्रदान गर्न संलग्न भएको बताएको छ ।

सुहाकामले आप्रवासी कामदारहरूले सामना गरेका कुनै पनि मानव अधिकार उल्लंघनका घटनाहरूको अनुसन्धान गर्ने मुख्य काम पनि गरेको बताएको छ । मलेसियामा हाल लगभग ४ लाख नेपाली कामदारहरू छन् । सन् २०२१ देखि अगस्ट २०२६ सम्म सुहाकामले नेपाली कामदारसँग सम्बन्धित ४६ वटा जबरजस्ती श्रमसम्बन्धी उजुरीहरू प्राप्त गरेको बताएको छ ।

रोजगारदाताहरूले राहदानी रोकेको, दिनको १२ घण्टा र लगातार ३० दिन आरामबिना काम गर्नुपर्ने बाध्यता, भुक्तानी नगरिएको वा ढिलो ज्याला पाएका, ओभरटाइमको तलबबिना अत्यधिक काम लगाएको, असुरक्षित कार्यस्थल र अपर्याप्त सुरक्षाजस्ता मानव अधिकार उल्लंघनका आरोप लागेका उजुरीहरू प्राप्त भएको सुहाकामले बताएको छ ।

सम्झौतापत्रको नवीकरणले आप्रवासी कामदारहरूले सामना गर्ने कुनै पनि मानव अधिकार उल्लंघनका घटनाहरूको अनुसन्धानमा ध्यान केन्द्रित गरेर द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने, हिरासत केन्द्रहरूको अवस्था र आप्रवासी कामदारहरूको मानव अधिकारको उल्लंघन, उच्च मृत्युदरलाई सम्बोधन गर्ने, भर्ना शुल्क घटाई जबरजस्ती श्रमको जोखिम न्यूनीकरणका लागि नीतिगत वकालत गर्ने, मलेसियामा नेपाली आप्रवासी कामदारहरूका लागि सामाजिक सुरक्षा योजनामा पहुँच बढाउन मलेसियाको सामाजिक सुरक्षा संगठनसँग बैठकहरू सञ्चालन गर्ने समझदारी दुवै आयोगबीच भएको छ ।

विशेषगरी अनिश्चित र अनौपचारिक रोजगारीमा महिला आप्रवासी कामदारहरूको अधिकारलाई ध्यान दिई नेपाली कामदारहरूका लागि न्यायमा राम्रो पहुँच बढाउन, नेपाली आप्रवासी सुरक्षा क्षेत्रका लागि क्षमता निर्माण गर्ने र सहयोगका अन्य पारस्परिक रूपमा सहमत क्षेत्रहरूमा केन्द्रित हुने सम्झौतापत्रमा उल्लेख छ ।

आयोगको टोलीले क्वालालम्पुरस्थित नेपाली दूतावास र गैरआवासीय नेपाली संघ (एनआरएनए)सँग भेटघाट गरी मलेसियामा नेपाली कामदारहरूको वर्तमान स्थिति र सन्दर्भबारे जानकारी संकलन गरेको बताएको छ । समझौतापत्र कार्यान्वयनको महत्वपूर्ण भागका रूपमा सुहाकामले मलेसियाली कारागार विभाग र सोस्कोसँग बैठकहरूको सहजीकरण गरेको बताएको छ ।

# मुस्लिम समुदायको १४ पृष्ठे अवधारणापत्र गृहमन्त्रीसमक्ष पेस

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, ७ असोज



सुनसरीमा साउन १० गते भएको घटनापछि उत्पन्न साम्प्रदायिक तनाव, शान्ति-सुरक्षाको अवस्था तथा आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन अपनाउनुपर्ने उपायबारे मुस्लिम समुदायले सरकारसमक्ष १४ पृष्ठको विस्तृत अवधारणापत्र प्रस्तुत गरेको छ।

गृह मन्त्रालयमा बुधबार गृहमन्त्री सुदन गुरुङसँग भएको भेटमा मुस्लिम समुदायका अग्रणी प्रतिनिधिहरूको प्रतिनिधिमण्डलले अवधारणापत्र बुझाएको हो। अवधारणापत्रमा सुनसरीमा पछिल्लो समय देखिएको तनावको पृष्ठभूमिसँगै विगतका वर्षहरूमा भएका विभिन्न घटनाक्रमको अध्ययन, वर्तमान अवस्थाको विश्लेषण तथा तत्कालीन, मध्यकालीन र दीर्घकालीन समाधानका उपायहरू समेटिएको प्रतिनिधिमण्डलले जनाएको छ।

अवधारणापत्र प्रस्तुत गर्दै पूर्वमन्त्री तथा संविधानसभा सदस्य मोहम्मद जाकिर हुसैनले वर्षौंदेखि भएका घटनाक्रमहरूको अध्ययन र विश्लेषणका आधारमा प्रतिवेदन तयार गरिएको बताए। उनले विगतमा यस्ता घटना पटक-पटक भए पनि दोषीमाथि कारबाही हुन नसक्दा दण्डहीनताको अवस्था सिर्जना भएको र त्यसले भविष्यमा पनि यस्ता घटना दोहोरिने जोखिम बढाएको उक्त अवधारणापत्रमा उल्लेख गरिएको बताए।

हुसैनका अनुसार अवधारणापत्रमा तत्कालीन सुरक्षा व्यवस्थादेखि दीर्घकालीन रूपमा सामाजिक सद्भाव कायम गर्ने उपायसम्मका सुझाव प्रस्तुत गरिएका छन्।

विशेष गरी सरकार, सुरक्षा निकाय र नागरिक समाजको सहभागितामा स्थायी संवाद तथा समन्वय संयन्त्र गठन गर्नुपर्ने सुझाव दिइएको उनले बताए। उनले यस्तो संयन्त्र स्थानीय, जिल्ला, प्रदेश र संघीय तहमा गठन गरी सम्भावित तनावको पहिचान, सूचना आदान-प्रदान, संवाद, समन्वय र समस्या समाधानका लागि निरन्तर सक्रिय रहनुपर्ने बताए। गृहमन्त्रीसँगको भेटपछि सञ्चारकर्मीसँग कुरा गर्दै हुसैनले अवधारणापत्रमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी विभिन्न तहका सुझाव समेटिएको बताए।

उनले नेपाली समाजमा लामो समयदेखि कायम रहेको सामाजिक सद्भावमा पछिल्लो पुस्तामा पुस्तान्तरण नहुँदा चुनौती देखिन थालेको बताउँदै विशेष गरी मधेस क्षेत्रमा यसको असर देखिन थालेको उल्लेख गरे। 'हाम्रा पुराना पुस्ता र अघिल्ला पुस्ताहरूबीच अहिले देखिएजस्तो कटुता र एक-अर्कामाथि दोषारोपणको अवस्था थिएन,' हुसैनले भने, 'तर अहिलेको पुस्तामा देखिन थालेको यस्तो कटुता समुदाय, स्थानीय बासिन्दा र राज्य सबैका लागि गम्भीर चिन्ताको विषय हो।'

उनले सामाजिक सद्भावलाई केवल सुरक्षाकर्मी परिचालन गरेर मात्र कायम गर्न नसकिने भन्दै राज्यका सुरक्षा तथा प्रशासनिक निकाय, स्थानीय समुदाय, नागरिक समाज र सामाजिक नेतृत्वबीच निरन्तर संवाद र समन्वय आवश्यक रहेको कुरा अवधारणापत्रमा समेटिएको बताए।

अवधारणापत्र बुझ्दै गृहमन्त्री सुदन गुरुङले घटनामा संलग्न कुनै पनि अपराधीलाई उन्मुक्ति नदिइने प्रतिबद्धता व्यक्त गरेका प्रतिनिधिमण्डलका सदस्य तथा राष्ट्रिय सभाका सदस्य मोहम्मद खालिद सिद्दिकीले बताए।

सिद्दिकीका अनुसार गृहमन्त्री गुरुङले नेपालको राष्ट्रिय निर्माणमा मुस्लिम समुदायको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गर्दै नेपाल एकीकरणको समयदेखि नै मुस्लिम समुदायले राष्ट्र निर्माणमा योगदान दिँदै आएको बताएका थिए।

मुस्लिम समुदायमाथि कुनै पनि किसिमको खिचातानी, विभेद वा शोषण हुन नहुने बताउँदै उनले राज्य सबै समुदायको सुरक्षा र अधिकारप्रति जिम्मेवार रहेको धारणा राखेका थिए।

गृहमन्त्रीले सुनसरी घटनासँग सम्बन्धित प्राप्त प्रतिवेदन, समस्या तथा गुनासाहरूको अध्ययन गरी समाधानका लागि आवश्यक पहल गर्न सम्बन्धित तल्लो तहका प्रशासनिक निकायलाई निर्देशन दिइसकेको जानकारीसमेत दिएका थिए।

**गृहमन्त्रीकै आग्रहपछि पाँच सदस्यीय समिति गठन**

सुनसरी घटनापछि गृहमन्त्री गुरुङले यसअघि श्रावण १९ गते मुस्लिम तथा हिन्दू समुदायका प्रतिनिधिहरूलाई छुट्टाछुट्टै बोलाएर घटनासम्बन्धी छलफल गरेका थिए। उक्त छलफलका क्रममा गृहमन्त्रीले मुस्लिम समुदायका प्रतिनिधिहरूलाई आफूहरूले समस्यालाई कसरी बुझेका छन्, घटनाको मूल कारण के हो र यसको समाधानका सम्भावित उपाय के हुन सक्छन् भन्ने विषय समेटेर ठोस अवधारणापत्र प्रस्तुत गर्न आग्रह गरेका थिए।

गृहमन्त्रीको आग्रहपछि मुस्लिम समुदायले मानवअधिकारकर्मी अधिवक्ता मोहना अन्सारी, मोहम्मद जाकिर हुसैन, सीमा खान, अधि. माजिद परवेजसमेत रहेको पाँच सदस्यीय समिति गठन गरेको थियो। सो समितिले विगतका घटनाक्रम, वर्तमान परिस्थितिको अध्ययन तथा विभिन्न सरोकारवालासँगको छलफलका आधारमा १४ पृष्ठको अवधारणापत्र तयार गरेको थियो। मुस्लिम समुदायले प्रस्तुत गरेको अवधारणापत्रले कुनै एउटा घटनाको तत्कालीन व्यवस्थापनमा मात्र सीमित नभई यस्ता घटना दोहोरिन नदिन दीर्घकालीन संस्थागत संयन्त्र निर्माणमा जोड दिएको छ।

# एनआरएनए कतारले बाढीपीडित लक्ष्मीलाई गरायो हवाई टिकट उपलब्ध

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ७ असोज

भोटेकोशी-त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट घर, सम्पत्ति र वर्षौंको मिहिनेत गुमाएकी धादिङकी लक्ष्मी भण्डारी खतिवडालाई गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरनए एनसिसी) कतारले नेपाल फर्कन हवाई टिकट उपलब्ध गराएको छ। संघले उपलब्ध गराएको टिकटबाट खतिवडा बुधबार बिहान कतार एयरवेजको उडानमार्फत नेपाल पुगेकी छन्।

गल्छी गाउँपालिका-६ धादिङकी खतिवडा बाढीका समयमा कतारमै रहेकी थिइन्। बाढीले घर, सम्पत्ति र वर्षौंको मिहिनेत बगाएर जीवनलाई शून्यबाट सुरु गर्नुपर्ने अवस्थामा पुऱ्याएको कठिन समयमा नेपाल फर्कन हवाई टिकट उपलब्ध गराएर सहयोग गरेकोमा उनले एनआरएनए एनसिसी कतारप्रति हृदयदेखि आभार व्यक्त गरेकी छन्।

'प्रवासमा रहेका हामी नेपालीको दुःखलाई आफ्नै दुःख सम्झेर साथ, सहयोग र हौसला प्रदान गर्दै कतारदेखि नेपालसम्मको हवाई टिकट उपलब्ध गराउनुभएकोमा एनसिसी कतारप्रति हार्दिक आभार व्यक्त गर्दछु,' खतिवडाले भनेकी छन्। 'दुःखको समयमा प्राप्त सहयोग रकमभन्दा ठुलो कुरा त्यसले दिएको अपनत्व, भरोसा र हिम्मत हो।

# केयूका संस्थापक उपकुलपति प्रा.डा.शर्माको निधन

**काठमाडौं/मस-** काठमाडौं विश्वविद्यालयका पूर्वउपकुलपति प्रा.डा.सुरेशराज शर्माको निधन भएको छ। उनको काठमाडौंको धुम्बाराहीस्थित ह्याम्स अस्पतालमा उपचारका क्रममा बुधबार साँझ निधन भएको हो। शर्माको ८६ वर्षको उमेरमा बुधबार साँझ ६:५० बजे निधन भएको परिवारले जनाएको छ।



शर्माको बिहीबार दाहसंस्कार गरिनेछ। दाहसंस्कारअघि श्रद्धाञ्जलीका लागि उनको पार्थिव शरीर काठमाडौंको बालकुमारीस्थित स्कुल अफ म्यानेजमेन्टमा राखिनेछ। शर्मा काठमाडौं विश्वविद्यालयका संस्थापक उपकुलपति थिए। उनी विश्वविद्यालयमा ६ कार्यकालसम्म उपकुलपतिको जिम्मेवारीमा रहेका थिए। उनकै नेतृत्वमा काठमाडौं विश्वविद्यालयको स्थापना तथा संस्थागत विकास भएको थियो।

बेलायतबाट रसायनशास्त्रमा विद्यावारिधि गरेका शर्मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी)का संस्थापक निर्देशकसमेत थिए। उनले नेपालमा प्राविधिक शिक्षाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। शर्माले कर्णालीको जुम्ला, दोलखाको जिरी तथा धनकुटालगायतका क्षेत्रमा पुगेर प्राविधिक शिक्षाको सुरुवात गरेका थिए। विद्यालय शिक्षादेखि उच्च शिक्षासम्मको क्षेत्रमा उनले योगदान दिएका थिए।

शर्माले बूढानीलकण्ठ स्कुलको अध्यक्षका रूपमा समेत काम गरेका थिए। शिक्षा क्षेत्रको संस्थागत विकास तथा प्राविधिक शिक्षाको विस्तारमा उनको लामो समय योगदान रहेको थियो।


"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो"

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति १९९९/०९/०१
स्व. चन्द्रबहादुर पराजुली
स्वर्गारोहण २०८३/०५/२७

हाम्रा शुभेच्छुक तथा प्रुडेन्सियल ओभरसिज प्रा.लि. एवं प्रुडेन्सियल होटलका सञ्चालक नारायण पराजुलीका पुजनीय पिता
**चन्द्रबहादुर पराजुलीको**को
२०८३ भदौ २७ गते ८४ वर्षको उमेरमा असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद घडीमा शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना प्रकट गर्दछौं।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
प्रधान सम्पादक

तथा
मध्यान्ह परिवार
Madhyanha National Daily
www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha Daily



**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय म्याङलुङ्ग, तेह्रथुमका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।**

**(सूचना प्रकाशित मिति २०८३/०६/०८ गते बिहीबारको मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकाले कर्जा असुलीका लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय म्याङलुङ्गमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०७/१९ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय म्याङलुङ्गमा** दिनको ठीक ३:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा औद्योगिक व्यावसाय ऐन, २०७३ बमोजिम दर्ता भई उद्योग दर्ता नं. ३९९/२२०/१८५२२ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुरबाट मिति २०७६/०४/०९ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०९६१४१४ को प्रमाणपत्र प्राप्त **एभरेष्ट फ्रोजन फुडस एण्ड मिट प्रोसेस।**
**रजिष्ट्रर्ड ठेगाना :** झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ६, काकरभिट्टा।

**प्रोप्राईटर तथा जमानतकर्ता : दिपक कुमार कार्की** (ना.प्र.नं २४६३१/२१, जारी मिति २०५१/१२/२४, जि.प्र.का. तेह्रथुम)।
स्थाई ठेगाना : तेह्रथुम जिल्ला मेन्छेयाम गा.पा. वडा नं. २ (साविक पौठाक गा.वि.स. वडा नं ९)।
हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ६,
बाबु : खड्ग बहादुर कार्की।
बाजे : जित बहादुर कार्की।

**जमानतकर्ता : सुरज कार्की** (ना.प्र.नं. ०८१०२६/१६४८, मिति २०६५/०३/२७, जि.प्र.का. तेह्रथुम)।
ठेगाना : तेह्रथुम जिल्ला मेन्छेयाम गा.पा. वडा नं. २ (साविक पौठाक गा.वि.स. वडा नं ९)।
हालको ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ६,
बाबु : खड्ग बहादुर कार्की।
बाजे : जित बहादुर कार्की।

**जमानतकर्ता: सुष्मा सुब्बा** (ना.प्र.नं. ०४-०१-८१-१०७८४, जारी मिति २०८१/०९/१६, जि.प्र.का झापा)।
ठेगाना : तेह्रथुम जिल्ला मेन्छेयाम गा.पा वडा नं. २। (नागरिकता : झापा जिल्ला मेचीनगर न.पा वडा नं. ६)।
बाबु : राम प्रसाद सुब्बा।
ससुरा : खडग बहादुर कार्की।
पति : दिपक कुमार कार्की।

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**
१. **दिपक कुमार कार्की र सुरज कार्की**को संयुक्त नाममा मालपोत कार्यालय म्याङलुङ्गमा दर्ता श्रेष्ता कायम रहेको तेह्रथुम जिल्ला श्रीजुङ्ग गा.वि.स. वडा नं. ९, नक्सा सिट नं.९, स्थित कित्ता नं. ६०५ र ६०६ क्षेत्रफल १-४-३-० र १८-२-१.२५-० (रोपनी)को घर/जग्गा र उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...............१
२. ऋणी **एभरेष्ट फ्रोजन फुडस एण्ड मिट प्रोसेस**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण .........१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय म्याङलुङ्गबाट** प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकार कर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय म्याङलुङ्गमा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**



# Brahmapuri Rural Municipality
# Office of the Municipal Executive

**Brahmapuri, Sarlahi**
**Madhesh pradesh**

## Invitation for Bids

**First Date of publication: 20083/06/08 (24Sep 2026)**

1. **Brahmapuri Rural Municipality, Sarlahi** invites sealed bids from Nepalese eligible bidders for the construction of Given Works under National Competitive Bidding procedures..
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Brahmapuri Rural Municipality, Sarlahi.**
3. A complete set of Bidding Documents may be purchased from the office of **Brahmapuri Rural Municipality, Sarlahi.** and the office **Brahmapuri Rural Municipality, Sarlahi.** by eligible Bidders on the submission of a written application, along with the hard copy of company/firm registration certificate, Tax Clearance of 2082/83 and upon payment of a non-refundable fee of Rupees of ***3000*** till date of Purchasing 2083/06/26 ***(14th Oct 2026)*** during office hours in the account as specified below.
   Name of the Bank: Nabil Bank Ltd. Account no.: 21701017500027
   Name of Office: BRAHMPURI RURAL-MUNICIPALITY RAJASAW KHATA

| Contact Id No: | Descriptionsof works | Estimated Amounts (Including Vat And PS) | Bid Security Fee | Bid Documents Purchase Date | Bid Submissions / Opening date | Bid Validity/ Security Periods |
|---|---|---|---|---|---|---|
| NCB/ BRM/01/2083-84 | *Krishi Ko Lagi Motor Kharid* | NRs. 82,76,798.00 | NRs. 2,48,000 | 2083/06/28 B.S During Office Hours | 2083/06/29 12:00 PM/14:00PM | (90/120)days |
| NCB/ BRM/02/2083-84 | Ward no:1, 2 Bhitra Subhidha Sahit ko Bipanna Basti Nirman | NRs. 1,79,01,466.29 | NRs. 5,20,000 | 2083/06/28 B.S During Office Hours | 2083/06/29 12:00PM/14:00PM | (90/120)days |
| NCB/ BRM/03/2083-84 | *Ga.Pa Bhitra Subhidha Sahit ko Bipanna Basti Nirman* | NRs. 1,04,96,767.94 | NRs. 2,80,000 | 2083/06/28 B.S During Office Hours | 2083/06/29 12:00 PM/14:00PM | (90/120)days |

The Bid Security
Name of the Bank: Nabil Bank Ltd.
Name of Office: BRAHMPURI RURALMUNICIPALITY DHARAUTIKHATA
Account no.: 21701017500017 Office Code no. 80219507300

4. Pre-bid meeting shall be held at **Brahmapuri Rural Municipality, Sarlahi** on ***2083/06/18 at 14:00 pm***
5. Sealed or Electronic bids must be submitted to the office **Brahmapuri Rural Municipality, Sarlahi** by hand/courier or through on or before ***12:00 pm*** on ***2083/06/29.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 pm*** on ***2083/06/29 and*** at the office of **Brahmapuri Rural Municipality, Sarlahi** Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in amounting to Table which shall be valid for 120 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



**मलेसियामा पुरुष कामदारहरूको लागि वैदेशिक रोजगारको अवसर**

कम्पनी : **DYNAMIC GUARDFORCE SDN BHD** — शहर : **MALAYSIA**
पूर्व स्वीकृत मिति: २०८३/०६/०७ — चलानी नं.: ६०२६१५७६ — **L.T. No.:348463**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SECURITY GUARD | 100 | 0 | स. काममा दक्ष | 1700 | ६३६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १५ गते (1 October 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ११३०/०७३/०७४

# Rasuwa Overseas Pvt.Ltd.

**एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, नेपाल। Tel No: 01-5906448/5906439.**
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com Web.: www.rasuwaoverseas.com
**Suresh Lama : 9840557986, Dinesh Lama : 9851354485,**
**Dawa Lama : 9851125465, Raju Lama : 9801300071, Sunil Timilsina : 9801300072**

मध्यान्ह
www.madhyanhadaily.com
८ असोज २०८३ बिहीबार
24 September 2026 Thursday

## सम्पादकीय

# सरोगेसीबारे प्रस्ट कानुन बनाऊ

सरोगेसी अर्थात् अरूका लागि गर्भधारण गरेर बच्चा जन्माउने प्रविधि आफैंमा नयाँ विषय होइन । तर यसको व्यावसायीकरण, गरिब महिलामाथि हुन सक्ने शोषण र सीमापार हुने कारोबारले यसबारे गम्भीर सामाजिक तथा कानुनी प्रश्न उब्जाएको छ । नेपाल र भारतमा व्यावसायिक सरोगेसीमाथि कानुनी प्रतिबन्ध छ । तर प्रतिबन्धपछि पनि यसको नाममा हुने सम्भावित अवैध कारोबार र सीमापार गतिविधि चलिरहेको छ । नेपाली महिलालाई आर्थिक प्रलोभनमा भारत पुऱ्याएर सरोगेसीमा लगाउने गरेको दाबी सार्वजनिक हुनुले भित्रभित्रै मौलाएको कारोबारको खुलासा गरेको छ । यसको अर्थ भारतमा हुने हरेक सरोगेसी गैरकानुनी छ वा हरेक महिला पीडित छन् भन्ने होइन । तर कानुनले रोक लगाएको क्षेत्रमा बिचौलियाको सञ्जाल सक्रिय छ भने त्यसको प्रत्यक्ष जोखिम आर्थिक रूपमा कमजोर महिलामाथि पर्न सक्छ । सहमतिको नाममा शोषण हुन सक्ने भएकाले राज्य चुप बस्न मिल्दैन ।

नेपालको अवस्था पनि स्पष्ट छैन । सर्वोच्च अदालतले २०७३ असार ३० को फैसलामार्फत व्यावसायिक सरोगेसीलाई नियन्त्रण गर्न र आवश्यक अवस्थामा परोपकारी सरोगेसीलाई कानुन बनाएर व्यवस्थित गर्न सरकारलाई निर्देशन दिएको थियो । अदालतले सरोगेसी आमा, जन्मिने बच्चा र सन्तान चाहने दम्पतीको अधिकार स्पष्ट गर्ने कानुनी व्यवस्था आवश्यक रहेको पनि औंल्याएको थियो । तर दशक पुग्न लाग्दासमेत यस विषयमा स्पष्ट कानुन बन्न सकेको छैन । यही कानुनी शून्यताले समस्या थप जटिल बनाएको छ । एकातिर प्रजनन प्रविधि तीव्र गतिमा विकसित भइरहेको छ । अर्कोतिर त्यसको प्रयोग, नियमन र दुरूपयोग रोक्ने स्पष्ट कानुनी आधार कमजोर छ । अब सरकारले विगतका विवाद नदोहोऱ्याएर सर्वोच्च अदालतको निर्देशन पालना गर्दै स्पष्ट कानुन बनाउनुपर्छ । व्यावसायिक सरोगेसी, परोपकारी सरोगेसी, बिचौलियाको भूमिका, स्वास्थ्य संस्थाको जिम्मेवारी, सरोगेट आमाको अधिकार र बच्चाको कानुनी पहिचान सबै विषय कानुनमै स्पष्ट हुनुपर्छ ।

सरकारले आइभिएफ, आइयुआई र सरोगेसीलाई कानुनी दायरामा ल्याउने तयारी थालेको जनाएको छ । चालु आर्थिक वर्षमै विधेयक संसद्मा पेस गर्ने तयारी रहेको सरकारको भनाइ छ । यसमा अनेक बाहनामा अब ढिलाइ गरिनु हुँदैन् । प्रविधि अघि बढिसकेको स्थितिमा कानुन पछि पर्नु हुँदैन । महिलाको कोखलाई बजार बन्न नदिने र प्रजनन अधिकारलाई सुरक्षित गर्ने स्पष्ट कानुन नै अहिलेको आवश्यकता हो ।

# एमालेमा नेतृत्व, असहमति र पुनर्गठन

**एमाले केन्द्रीय बैठकमा कार्यदलको प्रतिवेदन पेस नगरिए पनि त्यसका अधिकांश सरोकार अध्यक्ष ओलीले आफ्नो प्रतिवेदनमा समेटेका छन् । केन्द्रीय सदस्यले त्यसैमाथि आफ्नो धारणा राखिरहेका छन् । यसले बहसलाई औपचारिक संगठनात्मक प्रक्रियाभित्र ल्याएको छ । अब त्यो बहसमा फरक विचारलाई कति सम्मान गरिन्छ र अन्तिम निर्णयमा ती विचार कति समेटिन्छन् भन्ने विषयले एमालेको आगामी राजनीतिक स्वरूप निर्धारण गर्नेछ ।**

अग्रलेख



● शंकर भण्डारी

नेकपा एमाले यतिबेला आफ्नो राजनीतिक यात्राको एउटा महत्त्वपूर्ण मोडमा उभिएको छ । फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनपछि पहिलोपटक बसेको केन्द्रीय कमिटी बैठकमा निर्वाचन परिणामको समीक्षा, पार्टी पुनर्निर्माण, नीति, नेतृत्व, जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिस्थिति र आगामी कार्यदिशाबारे छलफल भइरहेको छ । अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका छन् भने पार्टीभित्र नेतृत्व पुनर्गठनको विषय पनि गम्भीर बहसका रूपमा उठेको छ । उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलसँग निकट रहेका नेताहरूले नेतृत्व पुनर्गठन आवश्यक रहेको धारणा राख्दै आएका थिए । तर, कार्यदलको सहमतिअनुसार तत्काल नेतृत्व परिवर्तनको निर्णय नगरी विषयलाई आगामी पार्टी प्रक्रियामा लैजाने प्रस्ताव अघि सारिएको छ । त्यसैले अहिलेको बैठक निर्वाचनको समीक्षा गर्ने बैठक मात्र होइन । यसले एमालेको आगामी नेतृत्व, संगठनात्मक संस्कृति र राजनीतिक दिशाबारे लामो समयसम्म प्रभाव पार्न सक्ने बहसलाई औपचारिक रूपमा अगाडि ल्याएको छ ।




### विगतदेखि वर्तमान बहससम्म

एमालेभित्र अहिले उठेको असहमतिको स्वर नयाँ होइन । विगतमा पनि नेतृत्वको कार्यशैली, पार्टी सञ्चालन, निर्णय प्रक्रिया र अधिकारको विषयलाई लिएर गम्भीर विवाद भएका थिए । २०७८ सालको विभाजन त्यसैको एउटा ठुलो परिणाम थियो । तर अहिलेको परिस्थिति केही फरक देखिएको छ, किनकि विगतमा ओली नेतृत्वसँग नजिक रहेर महत्त्वपूर्ण जिम्मेवारी सम्हालेका केही नेताले नै पार्टीको आगामी नेतृत्व र पुनर्गठनबारे प्रश्न उठाएका छन् । फागुन २१ गतेको निर्वाचनपछि पार्टीभित्र पुनर्गठनको बहस तीव्र भयो र त्यसलाई अघि बढाउनेमध्ये विष्णु पौडेल र शंकर पोखरेल पनि प्रमुख रूपमा देखिएका छन् । यसअघि ओलीको पक्षमा रहेका नेताहरू नै अहिले पार्टीको नीति र नेतृत्वमा परिवर्तन आवश्यक रहेको धारणा राख्न थालेपछि एमालेभित्रको असहमति केवल सामान्य गुटगत मतभेदमा सीमित नरहेको देखिन्छ । यद्यपि यसलाई तत्काल नेतृत्व परिवर्तन हुने निश्चित परिणामका रूपमा बुझ्न मिल्दैन । अहिलेको तथ्य यति मात्र हो कि नेतृत्वको निरन्तरता र पुनर्गठनको विषय पार्टीको उच्च तहमा खुला बहसको विषय बनेको छ । सँगै, पुनर्गठनको नेतृत्व गरिरहेका उपाध्यक्ष पौडेल र महासचिव पोखरेल केन्द्रीय समितिमा नरम सुनिए । केन्द्रीय समितिमा अध्यक्ष ओलीको प्रस्ट बहुमत रहेकाले पनि उनीहरुको भाषा केही बदलिएको हुन सक्छ ।

### नेतृत्वभन्दा ठुलो विधि

एमालेभित्रको अहिलेको विवादलाई अब को अध्यक्ष बन्ने ? भन्ने प्रश्नमा सीमित गरेर हेर्दा यसको गहिराइ बुझ्न कठिन हुन्छ । मुख्य प्रश्न, पार्टीभित्र निर्णय कसरी हुन्छ, फरक विचार राख्ने नेताले कति ठाउँ पाउँछन् र नेतृत्व परिवर्तन वा पुस्तान्तरणको प्रक्रिया कुन विधिबाट अघि बढ्छ भन्ने हो । पार्टी पुनर्गठनका लागि गठन गरिएको कार्यदलमा समेत फरक धारणा देखिए । महासचिव शंकर पोखरेलले तयार पारेको प्रतिवेदनमा नेतृत्व पुनर्गठनसम्बन्धी विषय समेटिएको थियो भने उपाध्यक्ष रामबहादुर थापाले नेतृत्व परिवर्तनको बहसलाई अहिलेको अवस्थामा उचित नभएको धारणा राखेका थिए । पछि दुवै धारका विषयलाई मिलाएर एउटै प्रतिवेदन तयार पारियो र तत्काल नेतृत्व परिवर्तनको विषयलाई अलग निर्णयका रूपमा अघि नबढाई केन्द्रीय कमिटीमा छलफल गर्ने बाटो रोजियो । यसले एउटा कुरा स्पष्ट गर्छ- एमालेभित्र नेतृत्वसम्बन्धी मतभेद अहिले लुकेको विषय होइन । तर त्यसको समाधान पार्टीको विधान र संस्थागत प्रक्रियाबाट खोज्ने प्रयास पनि भइरहेको छ ।

यसमा पार्टीभित्रका विभिन्न नेताहरूको भूमिका पनि महत्त्वपूर्ण देखिन्छ । विष्णु पौडेल र शंकर पोखरेल नेतृत्व पुनर्गठनको बहसमा लचक देखिए पनि गोकर्ण विष्ट, रघुजी पन्त, योगेश भट्टराईलगायत नेताहरूले प्रस्टसँग पुनर्गठनको माग उठाएका छन् । तर कुनै नेताले नेतृत्व परिवर्तनको पक्षमा धारणा राख्नु र पार्टी विभाजनको पक्षमा हुनु एउटै कुरा होइन । त्यस्तै, अध्यक्ष ओलीको नेतृत्वलाई समर्थन गर्नु भनेको पार्टीभित्र उठेका सबै प्रश्नको विरोध गर्नु पनि होइन । त्यसैले अहिलेको अवस्थालाई व्यक्ति-व्यक्तिबीचको टकरावका रूपमा मात्र प्रस्तुत गर्नुभन्दा फरक विचारबीचको राजनीतिक बहसका रूपमा बुझ्नु बढी उपयुक्त हुन्छ । एमालेका लागि चुनौती भनेको यही फरक विचारलाई संगठनभित्र कसरी व्यवस्थापन गर्ने र असहमतिलाई विभाजनमा पुग्न नदिई संस्थागत बहसमा कसरी रूपान्तरण गर्ने भन्ने हो ।

### अनुशासन र असहमतिको सीमारेखा

पार्टीभित्रको बहसमा प्रयोग हुने भाषा र त्यसले सिर्जना गर्ने वातावरण पनि अहिले चर्चामा छ । नेतृत्व परिवर्तनको विषयमा छलफल गर्नेहरूलाई लक्षित गरेर 'आवारा' वा 'उरन्ठेउला'जस्ता शब्द प्रयोग भएको प्रसंगले असहमति राख्ने कार्यकर्ताको भूमिकामाथि प्रश्न उठाएको छ । अर्कोतर्फ, अध्यक्ष ओलीले पार्टीभित्र अनुशासन कमजोर भएको भन्दै सामाजिक सञ्जालमा जथाभावी टिप्पणी गर्ने, अफवाह फैलाउने र संगठनात्मक मर्यादा उल्लंघन गर्ने प्रवृत्तिको आलोचना गरेका छन् । यहाँ दुईवटा कुरा अलग गरेर हेर्न आवश्यक हुन्छ । संगठनमा अनुशासन आवश्यक छ र पार्टीको निर्णय तथा जिम्मेवारीलाई संस्थागत ढंगले पालना गर्नु राजनीतिक दलको आधारभूत पक्ष हो । तर अनुशासनको अर्थ नेतृत्वमाथि प्रश्न गर्नै नपाइने भन्ने पनि होइन । लोकतान्त्रिक राजनीतिक दलभित्र आलोचना, असहमति र बहसका लागि ठाउँ हुनु आवश्यक हुन्छ । त्यसैले अहिले एमालेका लागि वास्तविक चुनौती असहमति रोक्नु होइन, असहमतिलाई मर्यादित र संस्थागत बनाउन सक्नु हो ।

### जेनजी आन्दोलन र जिम्मेवारीको बहस

जेनजी आन्दोलनपछि नेपालको राजनीतिक वातावरणमा आएको परिवर्तनले पनि एमालेभित्र नेतृत्वको भूमिकामाथिको बहसलाई तीव्र बनाएको छ । आन्दोलनपछि सरकार र राजनीतिक नेतृत्वको कार्यशैलीबारे प्रश्न उठे र त्यसको प्रभाव प्रमुख राजनीतिक दलहरूमा समेत परेको छ । यही पृष्ठभूमिमा एमालेभित्र नेतृत्व हस्तान्तरण, पुस्तान्तरण र संगठन पुनर्गठनको आवाज बलियो भएको देखिन्छ । नेतृत्व परिवर्तनको पक्षमा रहेका नेताहरूले बदलिएको राजनीतिक परिस्थितिमा पुरानै ढाँचाबाट पार्टी अघि बढ्न कठिन हुने तर्क गरिरहेका छन् भने ओली पक्षका नेताहरूले तत्काल नेतृत्व परिवर्तन आवश्यक नरहेको धारणा राखेका छन् । यी दुवै धारणा अहिले पार्टीभित्रकै राजनीतिक बहस हुन् र अन्तिम निर्णय पार्टीको संस्थागत प्रक्रियाबाट हुने विषय हो । त्यसैले जेनजी आन्दोलनलाई केवल एउटा राजनीतिक घटनाका रूपमा होइन, नयाँ पुस्ताको अपेक्षा, राजनीतिक उत्तरदायित्व र दलहरूको संगठनात्मक संस्कृतिबारे उठेको ठुलो प्रश्नका रूपमा पनि हेर्न सकिन्छ ।

### एमालेको अबको बाटो

अहिले एमालेभित्र देखिएको विवादको केन्द्रमा केपी शर्मा ओलीको नेतृत्व भए पनि यसको प्रभाव व्यक्तिको भविष्यमा मात्र सीमित हुने देखिँदैन । यदि नेतृत्व पुनर्गठनको बहस अघि बढ्छ भने त्यसले पार्टीको पुस्तान्तरण, संगठनात्मक संरचना र आगामी राजनीतिक कार्यदिशामा प्रभाव पार्न सक्छ । यदि तत्काल नेतृत्व परिवर्तनको विषय अघि बढ्दैन भने पनि पार्टीभित्र उठेका प्रश्नलाई बेवास्ता गरेर पुरानै ढाँचामा फर्किन सजिलो नहुन सक्छ । कार्यदलले देशभरबाट सुझाव संकलन गरेको छ र ती सुझावलाई पुनर्गठनसम्बन्धी प्रतिवेदनमा समेटिएको छ । केन्द्रीय कमिटी बैठकमा प्रतिवेदन पेस नगरिए पनि त्यसका अधिकांश सरोकारलाई अध्यक्ष ओलीले आफ्नो प्रतिवेदनमा समेटेका छन् । अहिलेको केन्द्रीय कमिटी बैठकमा सदस्यले आफ्नो प्रस्ट धारणा राखिरहेका छन् । जसले कम्तीमा पनि बहसलाई औपचारिक संगठनात्मक प्रक्रियाभित्र ल्याएको छ । अब त्यो बहस कति खुला हुन्छ, फरक विचारलाई कति सम्मान गरिन्छ र अन्तिम निर्णयमा ती विचार कति समेटिन्छन् भन्ने विषयले एमालेको आगामी राजनीतिक स्वरूपबारे धेरै कुरा निर्धारण गर्नेछ ।

एमालेका अगाडि रहेको प्रश्न अब अध्यक्ष को रहने भन्नेमा सीमित रहेन । प्रश्न पार्टीले आफ्नो नेतृत्व, विधि, विचार र संगठनलाई बदलिँदो राजनीतिक परिस्थितिसँग कसरी मिलाउँछ भन्ने हो । लामो समयसम्म एउटै नेतृत्वको वरिपरि केन्द्रित रहेको पार्टीमा पुस्तान्तरणको बहस उठ्नु, विगतका सहयात्रीबीच धारणा फरक हुनु र निर्वाचनपछि पुनर्गठनको आवश्यकता महसुस हुनु आफैंमा महत्त्वपूर्ण राजनीतिक अवस्था हो । यसलाई कसरी समाधान गर्ने भन्ने विषयमा पार्टीभित्र फरक मत हुनु स्वाभाविक हुन सक्छ, तर त्यसको समाधान खोज्दा संस्थागत प्रक्रिया, पार्टीको विधान र आन्तरिक लोकतन्त्रलाई केन्द्रमा राख्नुपर्ने हुन्छ । अहिलेको केन्द्रीय कमिटी बैठकले तत्काल सबै प्रश्नको उत्तर नदिए पनि एमाले कुन दिशातर्फ जान चाहन्छ भन्ने बहसलाई भने स्पष्ट रूपमा अगाडि ल्याएको छ ।

आगामी निर्णय र व्यवहारले नै देखाउनेछ- एमाले पुरानो संरचनालाई निरन्तरता दिँदै अघि बढ्छ कि उठेका प्रश्नलाई आधार बनाएर आफ्नो संगठनात्मक र राजनीतिक शैलीमा नयाँ परिवर्तन ल्याउँछ ।

*(राजनीतिशास्त्रका अनुसन्धानकर्ता भण्डारी अमेरिकामा रहेर समसामयिक लेखनमा सक्रिय छन् ।)*

# घरेलु हिंसा र कानुनी उपचार

सरोकार



● मुना बोहरा

*घरेलु हिंसा निजी वा पारिवारिक झगडा नभई कानुनद्वारा निषेधित कसुर हो । नेपालमा घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ले पीडितको उजुरी, सुरक्षा, उपचार, क्षतिपूर्ति र दोषीलाई सजायको स्पष्ट कानुनी व्यवस्था गरेकाले हिंसा सहेर बस्नुको साटो समयमै कानुनी उपचार खोज्नुपर्छ ।*

घरको ढोका बन्द हुँदैमा कानुनको ढोका बन्द हुँदैन । हिंसा घरभित्र भएकै कारण पीडितले चुप लागेर सहनुपर्छ भन्ने धारणा पूर्णतः गलत हो । हाम्रो समाजमा अझै पनि कुटपिट, गालीगलौज, मानसिक यातना, यौनजन्य दुर्व्यवहार वा आर्थिक नियन्त्रणलाई 'घरको कुरा' भनेर लुकाउने प्रवृत्ति विद्यमान छ । परिवार टुट्ने डर, सामाजिक दबाब, आर्थिक निर्भरता, बालबालिकाको भविष्य, सामाजिक प्रतिष्ठा र आफन्तको दबाबका कारण धेरै पीडितहरू निरन्तर हिंसा सहनुपर्ने बाध्यतामा छन् । 'पति-पत्नीबीचको कुरा हो, घरको इज्जत जान्छ, समाजले के भन्छ, बच्चाका लागि भए पनि सहनुपर्छ'जस्ता परम्परागत सोचले हिंसालाई सामान्य बनाउने र पीडितलाई मौन राख्ने काम गर्छन् । तर हिंसा सहनु कसैको कर्तव्य होइन । घर जोगाउने नाममा निरन्तर हिंसा सहिरहनु र हिंसा रोक्न कानुनी उपचार खोज्नु बिल्कुलै फरक विषय हुन् । कानुनको दृष्टिमा घरेलु हिंसा पारिवारिक झगडा मात्र होइन, यो व्यक्तिको शारीरिक सुरक्षा, सम्मान, स्वतन्त्रता र मौलिक अधिकारसँग जोडिएको गम्भीर कानुनी विषय हो ।

नेपालमा घरेलु हिंसासम्बन्धी कानुनी आधार र व्यवस्था बुझ्न 'घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६' का विभिन्न प्रावधान अत्यन्त महत्त्वपूर्ण छन् । ऐनको दफा ३ ले घरेलु हिंसा गर्न नहुने स्पष्ट व्यवस्था गरेको छ । अर्थात्, घरेलु सम्बन्ध भएकै आधारमा कसैमाथि पनि कुटपिट, यातना वा अन्य प्रकारको हिंसा गर्न पाइँदैन । श्रीमान्-श्रीमती, परिवारका सदस्य वा घरेलु सम्बन्धमा रहेका व्यक्तिबीच नाता भएकै कारण एकले अर्कोलाई हिंसा गर्ने कुनै कानुनी अधिकार प्राप्त हुँदैन । घरभित्र भएको घटना भएकाले कानुन लागू हुँदैन वा यो निजी पारिवारिक विषय हो भनेर कानुनी जिम्मेवारीबाट उम्किन मिल्दैन ।

कानुनले घरेलु हिंसालाई केवल शारीरिक आक्रमण वा कुटपिटमा मात्र सीमित राखेको छैन । 'कुटपिट भएको छैन, त्यसैले हिंसा होइन' भन्ने बुझाइ कानुनी रूपमा गलत छ । लगातार गाली गर्नु, अपमानित गर्नु, धम्की दिनु, डर देखाउनु वा मानसिक रूपमा यातना दिनु पनि कानुनतः हिंसा नै हो । त्यसैगरी, यौनजन्य यातनालाई पनि कानुनले घरेलु हिंसाको विषयका रूपमा सम्बोधन गरेको छ । वैवाहिक वा घरेलु सम्बन्ध भएकै कारण अर्को व्यक्तिको इच्छा र सम्मानलाई बेवास्ता गर्न पाइँदैन । यौनजन्य दुर्व्यवहार भएको अवस्थामा घटनाको प्रकृति हेरी घरेलु हिंसा ऐन तथा अन्य प्रचलित कानुनहरू आकर्षित हुन सक्छन् ।

यसका साथै, आर्थिक हिंसा पनि घरेलु हिंसाको महत्त्वपूर्ण



पक्ष हो । आर्थिक स्रोतमा अनुचित नियन्त्रण गर्नु, आवश्यक खर्चबाट वञ्चित गर्नु वा व्यक्तिलाई आर्थिक रूपमा पूर्ण निर्भर बनाउने प्रयास गर्नुले पीडितको स्वतन्त्रता र निर्णय क्षमतामा गम्भीर असर पार्छ । आर्थिक रूपमा कमजोर बनाइएका कारण कतिपय पीडितहरू हिंसात्मक सम्बन्धबाट बाहिर निस्कन वा कानुनी उपचार खोज्न समेत कठिनाइ भोग्न बाध्य हुन्छन् । त्यसैले आर्थिक नियन्त्रण र वञ्चितीकरणलाई पनि घरेलु हिंसाको कानुनी सन्दर्भमा बुझ्न आवश्यक छ ।

### उजुरी, संरक्षण र क्षतिपूर्तिको प्रावधान

घरेलु हिंसा भएको अवस्थामा पीडितले उजुरी गर्न सक्ने स्पष्ट बाटो कानुनले दिएको छ । ऐनको दफा ४ मा उजुरीसम्बन्धी व्यवस्था छ, जसअनुसार पीडितले आफूउपर भएको हिंसाका सम्बन्धमा प्रहरी कार्यालय, सम्बन्धित स्थानीय निकाय वा अधिकारप्राप्त निकायमा सम्पर्क गरी उजुरी दिन सक्छन् । उजुरी परेपछि दफा ५ बमोजिम सम्बन्धित निकायले कानुनले निर्धारण गरेको प्रक्रियाअनुसार अनुसन्धान र कानुनी कारबाही अगाडि बढाउनुपर्छ ।

उजुरीसँग सम्बन्धित अर्को महत्त्वपूर्ण कानुनी पक्ष हदम्याद हो । घरेलु हिंसा ऐनमा उजुरीका लागि सामान्यतः ९० दिनको हदम्याद तोकिएको छ । त्यसैले घटना भएपछि सम्भव भएसम्म समयमै उजुरी गर्नु महत्त्वपूर्ण हुन्छ । तर व्यावहारिक रूपमा पीडितले पारिवारिक दबाब, आर्थिक निर्भरता, सामाजिक डर वा सुरक्षाको जोखिमका कारण तत्काल उजुरी गर्न नसक्ने अवस्था हुन सक्छ । यस्तो संवेदनशील अवस्थामा लागू हुने कानुनी व्यवस्था र सम्भावित विकल्पबारे सम्बन्धित निकाय वा कानुन व्यवसायीसँग परामर्श लिनु आवश्यक हुन्छ ।

घरेलु हिंसाको कानुनी प्रक्रियामा प्रमाणको ठुलो भूमिका हुन्छ । कुटपिट वा शारीरिक चोटपटक भएमा स्वास्थ्य संस्थाको मेडिकल रिपोर्ट, हिंसा वा धम्कीसँग सम्बन्धित म्यासेज, फोटो, भिडियो, अडियो वा अन्य उपलब्ध सामग्री सुरक्षित राख्नु उपयोगी हुन्छ । घटनाबारे जानकारी भएका व्यक्तिहरू पनि आवश्यक अवस्थामा प्रमाणका रूपमा महत्त्वपूर्ण हुन सक्छन् । तर प्रमाण संकलन गर्दा पीडितको सुरक्षा जोखिममा पर्नु हुँदैन, तत्काल खतरा रहेको अवस्थामा प्रमाणभन्दा पहिले शारीरिक सुरक्षालाई प्राथमिकता दिनुपर्छ ।

कानुनले पीडितको संरक्षण र उपचारलाई पनि विशेष महत्त्व दिएको छ । ऐनको दफा ७ ले पीडितको संरक्षण सम्बन्धी व्यवस्था गर्छ, जसअन्तर्गत पुनः हिंसा हुन सक्ने जोखिम भएमा पीडितले प्रहरी वा सम्बन्धित निकायमा सम्पर्क गरी आवश्यक कानुनी संरक्षणको माग गर्न सक्छन् । दफा ८ ले हिंसाबाट प्रभावित व्यक्तिको आवश्यक उपचार तथा सहयोगको व्यवस्था गरेको छ । कुटपिट वा यातनाबाट चोट लागेको अवस्थामा तत्काल स्वास्थ्य संस्थामा उपचार गराउनु शारीरिक स्वास्थ्यका लागि मात्र होइन, कानुनी प्रक्रियाका लागि पनि उपयोगी हुन्छ ।

ऐनको दफा ६ मा निश्चित अवस्थामा मेलमिलापको प्रक्रिया अपनाउन सकिने व्यवस्था छ । तर मेलमिलाप गराउँदा पीडितको सुरक्षा, इच्छा र कानुनी अधिकारलाई ध्यान दिनुपर्छ । बारम्बार हिंसा भइरहेको अवस्थामा केवल सामाजिक दबाब वा 'घर जोगाउने' नाममा जबर्जस्ती मिलापत्र गराउनु न्यायको सिद्धान्तअनुकूल हुँदैन । घरेलु हिंसा गर्ने व्यक्तिलाई कानुनबमोजिम जिम्मेवार बनाउन दफा ९ मा सजायसम्बन्धी व्यवस्था गरिएको छ । कसुरको प्रकृति अनुसार जरिवाना, कैद वा दुवै सजाय हुन सक्छ । यसले घरेलु हिंसालाई दण्डहीन विषय बन्न नदिन खोजेको छ । त्यसैगरी, दफा १० मा पीडितलाई भएको शारीरिक वा मानसिक क्षतिको क्षतिपूर्ति पाउने कानुनी व्यवस्था छ, जसले पीडितलाई राहत र न्याय सुनिश्चित गर्छ ।

यदि घटनाको प्रकृति गम्भीर छ (जस्तै : गम्भीर कुटपिट, अंगभंग, ज्यान मार्ने धम्की वा यौन अपराध) भने घरेलु हिंसा ऐनका साथै अन्य प्रचलित फौजदारी कानुन बमोजिम पनि थप अनुसन्धान र कारबाही हुन सक्छ । नेपालमा कानुन हुनु मात्र पर्याप्त छैन, यसको प्रभावकारी कार्यान्वयन, पीडितको कानुनी पहुँच, र समाजको सोचमा परिवर्तन उत्तिकै आवश्यक छ । परिवारको इज्जतका नाममा हिंसा लुकाउने होइन, हिंसा रोक्ने प्रयास गर्नुपर्छ । कानुनको मूल उद्देश्य परिवार भत्काउनु होइन, हिंसाबाट व्यक्तिको जीवन, अधिकार र सुरक्षाको संरक्षण गर्नु हो ।

इतिहासको पाना ● सन्तोष खडेरी

## राष्ट्रसंघ पुग्ने केशरशमशेर
## महासभामा बिपीको सम्बोधन






नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले सन् १९६० मा सम्पन्न संयुक्त राष्ट्रसंघको १५औं महासभालाई २९ सेप्टेम्बरका दिन न्युयोर्कमा सम्बोधन गरेका थिए ।

बिपी कोइरालाको नेतृत्वमा राष्ट्रसंघ महासभामा भाग लिन जाने नेपाली प्रतिनिधिमण्डलका अन्य सदस्यहरूमा नेपाली कांग्रेसका मुख्य सचेतक विश्वबन्धु थापा, सांसद अच्युतराज रेग्मी, प्रोफेसर यदुनाथ खनाल, राष्ट्रसंघका लागि स्थायी प्रतिनिधि हृषिकेश शाह र परराष्ट्रका नारायणप्रसाद अर्जेल थिए ।

संयुक्त राष्ट्रसंघ मुख्यालयको भ्रमण गर्ने पहिलो नेपाली भने कमान्डिङ जनरल केशरशमशेर जबरा हुन् । सन् १९४८ मा बेलायतका लागि नेपाली राजदूत रहेका केशरशमशेरले अमेरिकाका लागि नेपाली मिनिस्टरका रूपमा राष्ट्रपति ह्यारी ट्रुमेनसमक्ष ओहदाको प्रमाणपत्र पेस गर्न वासिङ्टन जाँदा न्युयोर्कसमेत पुगेका थिए ।

त्यतिबेला लेकसक्सेसमा रहेको राष्ट्रसंघ मुख्यालयमा केशरशमशेर पुग्दा उनलाई तत्कालीन महासचिव ट्रिग्वे लीले स्वागत गरेका थिए । केशरशमशेरलाई त्यहाँ एउटा भाषामा गरेको सम्बोधन विभिन भाषामा अनुवाद भएर हेडफोनमा आउने र आफूले बुझ्ने भाषामा सुन्ने प्रविधि सबैभन्दा नौलो र अनौठो लागेको थियो । आफूलाई त्यही कुरा पत्रद्वारा नौलो र अनौठो लागेको भनी तत्कालीन प्रधानमन्त्री पद्मशमशेरलाई जानकारी गराएका थिए ।

# भारी वर्षाको जोखिमपछि कान्तिलोकपथ बेलुका ४ बजेदेखि बन्द

**रामहरि कार्की/मध्यान्ह**
ललितपुर, ७ असोज



भारी वर्षाको सम्भावनालाई मध्यनजर गर्दै कान्तिलोकपथ बिहीबार बेलुका ४ बजेदेखि अर्को सूचना जारी नभएसम्म पूर्ण रूपमा बन्द गरिने भएको छ।

जिल्ला प्रशासन कार्यालय ललितपुरमा बुधबार बसेको जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकले यस्तो निर्णय गरेको हो। बैठकमा ललितपुरका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) नरहरि घिमिरेले असोज ९ देखि ११ गतेसम्म हुन सक्ने विपद्को जोखिमलाई मध्यनजर गर्दै कान्तिलोकपथ बन्द गर्ने निर्णय गरिएको जानकारी दिए।

जिल्लामा २७ वटा जोखिमयुक्त स्थान पहिचान गरिएको छ। ती स्थानका बासिन्दालाई सुरक्षित ठाउँमा बस्न स्थानीय तहले माइकिङ गर्नुपर्ने निर्देशन दिइएको छ। प्रशासनले नागरिकलाई सुरक्षित तथा वैकल्पिक सडक प्रयोग गर्न पनि आग्रह गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुंगेल खनालका अनुसार बिहीबार बिहान ५ बजेदेखि दिउँसो ४ बजेसम्म मात्र टीकाभैरबाट मकवानपुरतर्फ सवारीसाधन जान दिइनेछ। त्यस्तै, मकवानपुरबाट ललितपुर प्रवेश गर्ने बागमती गाउँपालिका-२, बगुवा नाकाबाट पनि बिहान ५ बजेदेखि दिउँसो ४ बजेसम्म मात्र प्रवेश गर्न दिइनेछ।

जल तथा मौसम विज्ञान विभागको विशेष मौसमी बुलेटिनमा असोज ९ देखि ११ गतेसम्म देशका विभिन्न स्थानमा भारी वर्षा हुनसक्ने पूर्वानुमान गरिएको छ।

बैठकमा ललितपुर क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य जगदीश खरेलले असोज ९ देखि ११ गतेसम्म हुनसक्ने वर्षा र त्यसबाट हुने क्षति न्यूनीकरणका लागि सुरक्षा निकायलाई सक्रिय रहन निर्देशन दिए। उनले सम्भावित विपद्मा मानवीय क्षति शून्य बनाउने गरी तयारी गर्नुपर्ने बताए। उनले नदी तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समयमै सूचना पुर्‍याउन र सुरक्षा निकायबीच प्रभावकारी समन्वय गर्न पनि आग्रह गरे। उनका अनुसार ललितपुर क्षेत्र नं. १ विपद्का दृष्टिले अत्यन्त जोखिमपूर्ण क्षेत्र हो।

ललितपुर क्षेत्र नं. ३ की प्रतिनिधिसभा सदस्य डा. तोसिमा कार्कीले २०८१ असोजमा आएको बाढीपहिरोबाट पाठ सिकेर यसपटक आवश्यक तयारी गर्नुपर्ने बताइन्। दक्षिण ललितपुरमा विपद्का बेला सञ्चार सम्पर्क विच्छेद हुनसक्ने भएकाले सुरक्षा निकाय र अस्पताललाई समेत उच्च सतर्क अवस्थामा राख्नुपर्ने उनको भनाइ थियो।

कोन्ज्योसोम गाउँपालिकाका अध्यक्ष कृष्णमान लामाले पालिकाभित्र सुरक्षित स्थान पहिचान गरी माइकिङसमेत गरिएको जानकारी दिए। विद्युत् अवरुद्ध हुनसक्ने भएकाले नेपाल विद्युत् प्राधिकरणले पनि आवश्यक तयारी गर्नुपर्ने उनले बताए।

बागमती गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर दर्लामी मगरले कान्तिलोकपथको संरचना कमजोर रहेकाले जोखिमको समयमा निश्चित अवधि सडक बन्द गर्नु उपयुक्त हुने बताए। सञ्चार सम्पर्क विच्छेद हुनसक्ने भएकाले आवश्यक स्थानमा तत्काल जेनेरेटरको व्यवस्था गर्नुपर्ने उनको सुझाव थियो।

नेपाली कम्युनिस्ट पार्टीका नेता शिव कट्टेलले विपद्का समयमा मिथ्या सूचना फैलिन सक्ने भन्दै त्यसतर्फ सचेत रहन आग्रह गरे। निर्माण व्यवसायी संघ ललितपुरका उपाध्यक्ष भगिरथ तिमिल्सिनाले विपद्का बेला उद्धार तथा व्यवस्थापनमा हुने ढिलासुस्ती हटाउनुपर्ने बताए।

# भारतीय सेनामा कार्यरत नेपाली सैनिक तथा भूतपूर्व सैनिक परिवार द्वारा बाढीपीडितका लागि सहयोग



**काठमाडौं/मस-** भारतीय सेनामा कार्यरत नेपाली सैनिक तथा ६/५ गोर्खा राइफल्स (अग्रिम बल) का सम्पूर्ण भूतपूर्व सैनिक परिवारले रसुवा बाढीपीडितका लागि २३ लाख ३३ हजार ६६३ रुपैयाँ सहयोग गरेका छन्।

रसुवामा आएको प्राकृतिक विपद्प्रति एकताबद्धता जनाउँदै भारतीय सेनामा कार्यरत नेपाली सैनिक, ६/५ गोर्खा राइफल्स (अग्रिम बल) का कमान अधिकारी, सुबेदार मेजर, सम्पूर्ण पल्टन परिवार तथा दार्जीलिङ, देहरादुन, बेलायत र नेपालमा रहेका अवकाशप्राप्त सैनिक परिवारले उक्त रकम सहयोग गरेका हुन्। सहयोग रकम रसुवा बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमार्फत अर्थ मन्त्रालयको कार्यालयमा भूतपूर्व सैनिकहरूको उपस्थितिमा हस्तान्तरण गरिएको छ। सैनिक कर्तव्य निर्वाह गरिरहेका नेपाली सैनिकहरूले मातृभूमिमा परेको विपद्को पीडालाई आफ्नै पीडाका रूपमा आत्मसात् गर्दै सहयोग गरेका हुन्। विपद्को कठिन घडीमा पल्टनका सम्पूर्ण परिवारले एकता र सहानुभूति प्रकट गर्दै गरेको सहयोगले सैनिक सेवामा रहे पनि नेपाली माटो र नेपाली जनताप्रतिको आत्मीय सम्बन्धलाई थप उजागर गरेको जनाइएको छ।

रसुवा बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले गरिएको मानवीय सहयोगप्रति ६/५ गोर्खा राइफल्स (अग्रिम बल) का कमान अधिकारी, सुबेदार मेजर, सम्पूर्ण पल्टन परिवार तथा देश-विदेशमा रहेका भूतपूर्व सैनिक परिवारप्रति सम्मान तथा आभार व्यक्त गरिएको छ।


## झिमरुक गाउँपालिका
## Jhimruk Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

भ्यागुते, प्युठान
Bhyagute, Pyuthan
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## Invitation for Bids

**Date of Publication: 2083/06/08**

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites Sealed bids **(Hardcopy only)** from Nepalese eligible bidders for the following Project, under QS procedures.

| S.N | Contract ID No | Description of Work | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Last date of bid Submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| 1. | JRM/SQ/ GOODS/02/2083/84 | Procurement of Air Conditioner | 1,000.00 | 23,000.00 | 45 days / 75 days | 2083/06/16 12:00 Hrs | 2083/06/16 13:00 Hrs |
| 2. | JRM/SQ/ GOODS/03/2083/84 | Procurement of 30 KVA Diesel Generator | 1,000.00 | 25,000.00 | 45 days / 75 days | 2083/06/16 12:00 Hrs | 2083/06/16 13:00 Hrs |
| 3. | JRM/SQ/ GOODS/04/2083/84 | Backup management in all ward offices and health institutions | 1,000.00 | 20,000.00 | 45 days / 75 days | 2083/06/16 12:00 Hrs | 2083/06/16 13:00 Hrs |
| 4. | JRM/SQ/ GOODS/05/2083/84 | Purchase of Veterinary Medicine | 1,000.00 | 28,000.00 | 45 days / 75 days | 2083/06/16 12:00 Hrs | 2083/06/16 13:00 Hrs |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or Contact (mobile 9857836005, 9849612948) or may visit office website **https://jhimrukmun.gov.np/**, Nepalese Eligible bidders may also submit their quotations via post within the specified timeframe.
3. Payment for the bid document can be made by visiting the link ***https://sutrarevenue.fcgo.gov.np/web/#/login*** creating a user ID, password and log in or visit office of Jhimruk Rural Minicipality, Bhyagute, Pyuthan or visit any branch of citizens bank international Ltd. Information to deposit the bid security in following.

| Account Name | Bank name | Account number |
|---|---|---|
| JHIMRUK GA.PA GA-3.1 ISTHANIYA TAHA DHARAUTI KHATA | Citizens Bank International Ltd., JHIMRUK | 0750100000136201 |

**Chief Administrative Officer**



## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०६/०८**

डोटी जिल्लामा रहेको सिद्धनाथ सामुदायिक वन उपभोक्ता समूह, जोरायल गा.पा वडा नं. १, बेरुपाटा, डोटीको वन क्षेत्रबाट आ.व.०८३/०८४ मा उत्पादन भई घाटगद्दीमा राखिएका खोटे सल्ला जातको गोलिया काठ ए ग्रेड ८७ थानको परिमाण १६९०.०२ क्यू.फिट र बि ग्रेड २१५ थानको परिमाण २१७१.१५ क्यू.फिट गरी जम्मा थान ३०२ को ३८६१.१७ क्यु.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ/दाउरामा आधारित उद्योग संचालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**सिद्धनाथ सामुदायिक वन उपभोक्ता समूह,**
**जोरायल गा.पा वडा नं. १, बेरुपाटा, डोटी**



## निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

यस बैंकका खातावाला श्री पँचबिर सीङ शाक्यको नातिनि, श्री सुकुमान सीङ शाक्यकी छोरी, बागमती प्रदेश, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. १७ स्थायी बस्ने श्रीमती शान्ति शाक्यको यही मिति वि.सं. २०८२/१०/११ गतेको दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको एकल बचत खाता नं. ०३८०११०९००००२९७ को सम्पूर्ण निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमान प्रबिण मान श्रेष्ठले मिति २०८३/०५/१८ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**सानिमा बैंक** www.sanimabank.com
नयाँबजार शाखा, काठमाडौँ, फोन : ०१-४९८८३२१/६५६०४



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/०८**

यस कम्पनीको मिति २०८३/०५/३० को शेयरधनीको निर्णय बमोजिम साविकको कम्पनी **टाइम्स सेन्ट्रल प्रा.लि.**(**Times Central Pvt Ltd**)(**दर्ता नं. ३०९९७९**) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्राको कार्यालयको मिति २०८३/०६/०५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **टाइम्स एक्जिम प्रा.लि.** (**Times Exim Private Limited**) कायम गरिएको जानकारी गराईन्छ।



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०६/०८**

यस कम्पनीको मिति २०८३।०५।२४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **पुर्ण केशरी रियलस्टेट एण्ड मल्टीपर्पोज कम्पनी प्रा.लि. (दर्ता नं. ३७१२३५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पुर्ण केशरी रियल स्टेट कम्पनी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।



## हकदावी सम्बन्धी ३५ दिने सूचना

